# लेखापरीक्षण प्रतिवेदन

## पुतलीबजार नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पुतलीबजार नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/9

श्रीमान् प्रमुखज्यू,

पुतलीबजार नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 | मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/9

श्रीमान् प्रमुखज्यू ,

पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

स्याङ्जा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा नगरपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय-व्यय रु.३ अर्ब १० करोड ५८ लाख ५४ हजार लेखापरीक्षण गरिएकोमा रु.६५ लाख ७५ हजार (०.२१ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२ लाख ४३ हजारको प्रतिक्रियाबाट फस्र्योट भई बाँकी बेरुजुमा नियमित गर्नुपर्ने रु.३६ लाख ८५ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.२६ लाख ४७ हजार रहेको छ। गत वर्षसम्म रु.२४ करोड २३ लाख ०१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२२ करोड ५४ लाख १३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १४० | १४० | ६५,७५,८६९ | २ | २५ | २,४३,६४५ | ० | १३८ | ११५ | ६३,३२,२२४ | ० | ३६,८५,११४ | २६,४७,११० | ० | ० | ६३,३२,२२४ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङजा | २४,२३,०१,६३१ | ० | २,३२,२०,१३५ | २१,९०,८१,४९६ | ० | ६३,३२,२२४ | २२,५४,१३,७२० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०८१/८२ | स्यानिटरी प्याड तर्फ : | ३०,४४५ |
| २ | २०८१/८२ | विद्यालय संचालन तथा व्यवस्थापन तर्फ : | १,५०,००० |
| ३ | २०८१/८२ | वित्तीय विवरण तर्फः | ० |
| ४ | २०८१/८२ | बजेट तथा कार्यक्रम तर्फः | ० |
| ५ | २०८१/८२ | छात्रवृत्ति तर्फ : | ५३,२०० |
| | | | |

| | | | |
|---|---|---|---|
| ६ | २०८१/८२ | आकस्मिक लाभ करः | १०,००० |
| ७ | २०८०/८१ | बैठक भत्ता बढि भुक्तानी | ३,४०० |
| ८ | २०८०/८१ | बैठक भत्ता | ९,५२० |
| ९ | २०८०/८१ | परामर्श सेवा खरिद | ८,२१,७८९ |
| १० | २०८०/८१ | पदाधिकारी सुविधा | २,७६,१९० |
| ११ | २०८०/८१ | ट्याक कोटको बढि परिमाण भुक्तानी | २१,६३,२०० |
| १२ | २०८०/८१ | उपभोक्ता समिति मार्फतको खरिद | १,४५१ |
| १३ | २०८०/८१ | १० नं. वडा कार्यालय भवन निर्माण कार्य | ६९,६७,८३५ |
| १४ | २०७९/८० | मापदण्ड विपरीत बैठक भत्ता: | ११,८०,००० |
| १५ | २०७९/८० | प्रमाण पेस गर्नुपर्ने: | १,२८,००० |
| १६ | २०७९/८० | नन्फाइलर: | ८,०३,९७२ |
| १७ | २०७९/८० | जिन्सी दाखिला: | ५,२२,४७५ |
| १८ | २०७९/८० | कार्यसम्पादन प्रतिवेदन: | २,००,००० |
| १९ | २०७९/८० | आय ठेक्का ब्यवस्थापन: | ३,३५,०१५ |
| २० | २०७९/८० | अनुगमन: | ८४,००० |
| २१ | २०७८/७९ | वढी भुक्तानी | १,००,००० |
| २२ | २०७८/७९ | पदाधिकारीलाई यातायात सुविधा | ८६,२५० |
| २३ | २०७८/७९ | कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने | ५४,००,००० |
| २४ | २०७७/७८ | पोत्साहन भत्ता | ९,६१,२९० |
| २५ | २०७७/७८ | पेश्की बाँकीः | ३१,७५,७४८ |
| जम्मा | | | २,३४,६३,७८० |

# पुतलीबजार नगरपालिका, स्याङ्जा

# ( ८०४४३४०३३०० )

# पुतलीबजार नगरपालिका , स्याङ्जा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल १४७.१९ वर्ग किलोमिटर, जनसंख्या ४१७४३ तथा जनघनत्व २८४ प्रति वर्ग कि.मि. र घरधुरी ११८८१ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवाप्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि मिति २०८२।०५।१६ देखि २०८२।०६।५ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण तथा स्थलगत विधिबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** यसवर्ष पालिकाको आय-व्ययतर्फ रू.३ अर्ब १० करोड ५८ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा रु.३,६०,०००।- असुली भई सञ्चित कोष दाखिला भएको छ।

| सि.नं. | विवरण | रकम रू. |
| --- | --- | --- |
| १ | सामाजिक सुरक्षा भत्ता | ३६०००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण तर्फः**

२.१ **वित्तीय प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ भने स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

| सि. नं . | प्राप्ति | | | सि.नं. | भुक्तानी | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी धरौटी समेत | | १०१२००५६७ | १ | चालु खर्च | | ५१७०२०५८१ |
| | क) नगद | ० | | | क. पालिका तर्फ | १६३९६६७६७ | |
| | ख) बैंक मौज्दात संचित कोष | ७७९५५६५२ | | | ख. संघीय सशर्त | ३५३०५३८१४ | |
| | ग) बैंक मौज्दात प्रकोप व्यवस्थापन कोष | १९५७००५ | | | ग. संघीय विशेष | ० | |
| | घ) बैंक मौज्दात धरौटी खाता | १५०१७०२९ | | २ | पुँजीगत खर्च | | ५९४३९८५१८ |
| | ङ) बैंक मौज्दात विविध खर्च खाता | ३२६०४४० | | | क. पालिका तर्फ | १६५३२९८९३ | |
| | च) बैंक मौज्दात विविध कोष खाता | ३०१०४४० | | | ख. संघीय सशर्त | ३९२०७३८१७ | |
| | | | | | ग. संघीय विशेष | ८७३८१०० | |
| २ | राजस्व (आन्तरिक आय) | | २०३९८९६८० | | घ. संघीय समपूरक | १९४२४७०८ | |
| | क) आन्तरिक राजस्व | ५७५४३२५४ | | | ङ. प्रदेश विशेष | २८३२००० | |
| | ख) राजस्व बाँडफाँट (संघ) | ११०९९०६४७ | | | च. प्रदेश समपूरक | ६०००००० | |
| | ग) राजस्व बाँडफाँट (प्रदेश) | १४२६३५५८ | | ३ | धरौटी फिर्ता | | १८०३४७५ |
| | घ) राजस्व बाँडफाँट (स्थानीय) | २११९२२२१ | | ४ | कोष खर्च र मौज्दात | | |
| | | | | | अ) कोष खर्च | | ३१३७२५६१ |
| ३ | वित्तीय हस्तान्तरण | | ९९०४४९४६३ | | क) प्रकोप व्यवस्थापन कोष खर्च | १४७५०३४ | |
| | क) वित्तीय समानीकरण अनुदान संघ | १२७३६२८८० | | | ख) विभाज्य कोष खर्च | १८४१९३०६ | |
| | ख) सशर्त अनुदान संघ | ८३४९२३७७५ | | | ग) विविध कोष खर्च | ८३७७६० | |
| | ग) विशेष अनुदान संघ | ८७३८१०० | | | घ) विविध खर्च खाता खर्च | १०६४०४६० | |
| | घ) समपूरक अनुदान | १९४२४७०८ | | | आ) कोष मौज्दात | | ८३६६७१५ |
| | | | | | प्रकोप व्यवस्थापन कोष | २०५९०३५ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २८०५३००० | | विभाज्य कोष | ० | |
| | क) वित्तीय समानीकरण अनुदान | १९२२१००० | | | विविध खर्च खाता | ३९३५००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | ० | | | i) लैङ्गिक हिंसापीडित महिला राहत तथा उद्धार कोष | ४००००० | |
| | ग) समपूरक अनुदान | ६०००००० | | | ii) बाल कल्याण कोष | २००००० | |
| | घ) विशेष अनुदान | २८३२००० | | | iii) कर्मचारी कल्याण कोष | ४६८३२ | |
| | | | | | iv) मर्मत सम्भार कोष | १७२५८४८ | |
| ५ | IPFMS बाट प्राप्ति | | २९५५३५८३३ | ५ | मौज्दात संचित कोष | | ९९२३२५५३ |
| | क) जेष्ठ नागरिक दीर्घ सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | २९१८११२३५ | | | क) नगद मौज्दात | ० | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७२४५९९ | | | ख) बैंक मौज्दात संचित कोष | ९९२३२५५३ | |
| | ग)विद्यालय शिक्षा क्षेत्र योजना - ( केन्द्रस्तर) | ० | | ६ | अनुदान फिर्ता | | ८९७९६१४३ |
| | | | | | सशर्त अनुदान संघ सरकारमा फिर्ता | ८९७९६१४३ | |
| ६ | विभिन्न कोषतर्फको आय धरौटी समेत | | ५७८९९८७८ | | समपूरक अनुदान संघ सरकारमा फिर्ता | ० | |
| | प्रकोप व्यवस्थापन कोष | १५७७०६४ | | | विशेष अनुदान प्रदेश सरकार फिर्ता | ० | |
| | विविध कोष खाता | २००००० | | ७ | बैंक मौज्दात धरौटी | | ३९६०२०४१ |
| | स्थानीय तह विभाज्य कोष खाता | १८४१९३०७ | | ८ | IPFMS बाट भुक्तानी | | २९५५३५८३३ |
| | विविध खर्च खाता | ११३१५०२० | | | क) जेष्ठ नागरिक दीर्घ सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | २९१८११२३४ | |
| | धरौटी प्राप्त | २६३८८४८६ | | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७२४५९९ | |
| | | | | | ग) विद्यालय शिक्षा क्षेत्र योजना ( केन्द्रस्तर) | ० | |
| | जम्मा | | १६७७१२८४२४ | | जम्मा | | १६७७१२८४२४ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ। पालिकाले ज्येष्ठ नागरिक सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको रु.२९ करोड १८ लाख ११ हजार तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३७

लाख २४ हजार सहित जम्मा रु.२९ करोड ५५ लाख ३५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।

२.३ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाको स्रेस्ता अनुसारको बैङ्क मौज्दात र बैङ्क स्टेटमेण्ट अनुसारको मौज्दातको अवस्था देहाय अनुसार रहेको छ।

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | ९९२३२५५३.५२ | ९९२३२५५३.५२ | - |
| विविधखर्च खाता | ३९३५०००.०० | ३९३५०००.०० | - |
| विपद व्यवस्थापन खाता | २०५९०३५.२६ | २०५९०३५.२६ | - |
| विविध कोष खाता(कर्मचारीकल्याणकोषमर्मत सम्भार कोष बाल कल्याण कोष र लैंगिक हिंसा निवारण कोष खाता) | २३७२६८०.५७ | २३७२६८०.५७ | - |
| धरौटी | ३९६०२०४१.०५ | ३९६०२०४१.०५ | - |
| बैङ्क | १४७२०१३१०.४० | १४७२०१३१०.४० | - |

पालिकाले स्रेस्ता अनुसारको बैङ्क मौज्दात र बैङ्क स्टेटमेण्ट अनुसारको मौज्दातको अवस्था हिसाब भिडान भएको पाइयो। म.ले.प.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच समयमा नै हिसाब मिलान गर्ने कार्यलाई निरन्तरता दिनुपर्दछ।

२.४ **फरक हिसाबः** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.४४ करोड ३२ लाख ३१ हजार र भुक्तानी रु.४२ करोड ६८ लाख ७४ हजार फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १०१२००५६७.८४ | ११३२६९६०००.८१ | १११९४१९१००.०३ | १४७२०१३१०.४० |
| एकीकृत आर्थिक विवरणअनुसार | १०१२००५६७.८४ | १५७५९२७८५६.४३ | १५३८२९३८२९.२७ | १४७२०१३१०.४० |
| फरक | ० | ४४३२३१८५6.५६ | ४२६८७४७२९.२४ | ० |

पालिकाको सञ्चित कोषको प्राप्ति (फिर्ता पश्चात) रु.१ अर्ब १३ करोड २६ लाख ९६ हजार, अनुदान फिर्ता रु.८ करोड ९७ लाख ९६ हजार, धरौटी प्राप्त रु.२ करोड ६३ लाख ८८ हजार, विविध कोष रु. २ लाख, प्रकोष व्यवस्थापन रु.१५ लाख ७७ हजार, विभाज्य कोष रु.१ करोड ८४ लाख १९ हजार, विविध खर्च खाता रु.ब करोड १३ लाख १५ हजार, IPFMS रु.२९ करोड ५५ लाख ३५ हजार समेत गरी रु.१ अर्ब ५७ करोड ५९ लाख २७ हजार रहेको छ ।

२.५ **फरक जिम्मेवारी :**

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

२.६ **सञ्चित कोषमा स्थानान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष समाप्ति सँगै मिति २०८२।०३।३२ मा नै राजश्व र खर्च खातामा बाँकी रहेको रकम स्थानीय सञ्चित कोषमा स्थानान्तरण गरेको छ। यस कार्यलाई निरन्तरता दिनुपर्दछ।

३ **बजेट तथा कार्यक्रम तर्फः**

३.१ **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहे बमोजिम पालिकाले समितिको गठन गरेर छलफल गर्ने गरेको छ। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको प्रभावकारी पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

३.३ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि व्यवहारिक र पालिकाको सबै क्षेत्रको योजना समेटी आवधिक योजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३.४ **बजेट पेश, पारित र अख्तियारीः**

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३.५ **क्षेत्रगत कार्यक्रम तथा खर्च विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार गरे नगरेको अनुगमन गर्नुपर्दछ। पालिकाले यसवर्ष देहाय बमोजिम क्षेत्रगत विनियोजन तथा खर्च गरेको छ।

**रु. हजारमा**

| मुख्यक्षेत्र | वार्षिक बजेट रु | खर्च रकम रु | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३११८९ | २२६२१ | ७२.५३ |
| सामाजिक क्षेत्र | ४३६५१२ | ३९८२०३ | ९१.२२ |
| पूर्वाधार विकास क्षेत्र | ६४१३९१ | ५१२७९३ | ७९.९५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र<br>(संस्थागत विकास र सेवा प्रवाह वातावरण तथा विपद् व्यवस्थापन) | ४११६६ | ३३०५६ | ८०.३० |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १६७७९८ | १२५३२३ | ७४.६९ |
| **जम्मा** | **१३१८०५६** | **१०९११९६** | |

उल्लिखित तालिका अनुसार विनियोजनको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ९१.२२ प्रतिशत र आर्थिक विकासमा सबैभन्दा न्युन ७२.५३ प्रतिशत खर्च भएको देखिन्छ। सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ८०.३० प्रतिशत, सामाजिक क्षेत्रमा ९१.२२ प्रतिशत खर्च भएको र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ७४.६९ प्रतिशत देखिन्छ। पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम जस्ता कार्यक्रम समेत भएको देखिन्छ। पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन। पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ।

३.६ **योजनाको प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो वातावरण संरक्षण एवम् भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ३१० वडागत र २९९ पालिकास्तरका कुल ६०९ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २९९ | ३० | ४८ | २२१ |
| २. | वडास्तरीय | ३१० | - | २५ | २८५ |
| | जम्मा | ६०९ | ३० | ७३ | ५०६ |

उपर्युक्त विवरणअनुसार पालिकाले ५०६ साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागतप्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका ६०९ उल्लिखित योजना मध्ये ५७७ योजनामात्र कार्यान्वयन भई ३२ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३.७ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयबाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पुँजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १०% सम्म रकमान्तर गर्न सक्ने तर पुँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न ९८ शीर्षकबाट रु. ३ करोड ८१ लाख ९९ हजार घटाएको तथा १२७ शीर्षकबाट रु. ३ करोड ८१ लाख ९९ हजार बजेट थप गरिएको देखिन्छ। यसरी बजेट रकमान्तर गरिएको अङ्क

सुरुवाती बजेटको तुलनामा ५.७ प्रतिशत हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। ठूलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुने हुँदा बजेट बनाउदा नै कार्यन्वयनयोग्य योजनाको छनौट गरी सोही अनुसार बजेट व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

४ **धरौटी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी कारोबारको लेखा राख्ने सम्बन्धी व्यवस्था रहेको छ। पालिकाको गत वर्षको धरौटी अल्या रु.१ करोड ५० लाख १७ हजार, यस वर्षको आम्दानी रु.२ करोड ६३ लाख ८८ हजार समेत जम्मा आम्दानी रु.४ करोड १४ लाख ५ हजार भएकोमा खर्च (फिर्ता) रु.१८ लाख ०३ हजार गरी अन्तिम मौज्दात रु.३ करोड ९६ लाख २ हजार रहेको विवरण पेश गरेको छ। धरौटी कारोवारको लेखा व्यवस्थित रुपमा राख्नुपर्दछ।

५ **कानून निर्माण तथा कार्यान्वयन तर्फः**

५.१ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्ने व्यवस्था छ। पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | २४ |
| २ | नियमावली | ९ |
| ३ | कार्यविधि तथा निर्देशिका | ५६ |
| ४ | अन्य | १६ |
| जम्मा | | १०५ |

आर्थिक वर्ष २०८१।८२ सम्म २४ ऐन, ९ नियमावली ५६ कार्यविधि तथा निर्देशिका र १६ वटा मापदण्ड गरी जम्मा १०५ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। केही डिजिटल राजपत्रमा प्रकाशन गरेको पाईयो। केही कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ। कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकूल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानुनसँग अनुकूल गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ।

५.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। यसैगरी ऐनको ३३(२) मा उजुरीको जाँझबुझ गरी ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिन सक्ने तथा ऐनको दफा ३७ मा नगरप्रमुखसँग उजुरी दिन सक्ने प्रकृति अनुसार यथाशीघ्र निर्देशन गर्ने व्यवस्था छ। पालिकाले यसवर्षसम्मको न्यायिक समितिमा पेश भएका विवाद तथा उजुरीहरूको अवस्था देहाय अनुसार रहेको छ।

| निर्णयकर्ता | गत वर्षसम्मका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | यसवर्ष फछ्यौंट भएका विवाद | यसवर्षको फछ्यौंट हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिक समिति | ९१ | ९ | १०० | ८ | १ |

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार मुद्दा दर्ता र फछ्यौंट कारबाही भएको देखियो। नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट भएको विवाद समाधानको व्यवस्थित अभिलेख भएको पाइएन। त्यसैले न्यायसम्पादन प्रक्रियालाई अभिलेख व्यवस्थित गरी छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ।

५.३ **मुद्दा दर्ता र फैसलाः** पालिकाले पेश गरेको विवरण अनुसार पालिकालाई पक्ष विपक्ष भई अदालतमा रहेका मुद्दाको विवरण देहाय बमोजिम रहेको छ।

| अदालत | गत वर्षबाट मौज्दात सरेका मुद्दा संख्या | यस आर्थिक वर्षमा थप संख्या | जम्मा संख्या | यस वर्ष फैसला भएका मुद्दा संख्या | विचाराधीन बाँकी मुद्दा संख्या |
|---|---|---|---|---|---|
| सर्वोच्च अदालत | १ | ० | १ | १ | ० |
| उच्च अदालत | ११ | २ | १३ | १३ | ० |
| जिल्ला अदालत | १ | ० | १ | ० | १ |
| **जम्मा** | १३ | २ | १५ | १४ | १ |

उपरोक्त विवरण अनुसार नगरपालिकामा गत वर्षबाट १३ वटा मुद्दाको जिम्मेवारी सरी आएकोमा यस वर्ष २ वटा थप भई जम्मा १५ वटा मुद्दा रहेको छ। उक्त मुद्दाहरु मध्ये यस वर्ष १४ वटाको फैसला भई १ वटा मुद्दा विचाराधीन रहेको छ। त्यसैले विभिन्न अदालत लगायत अन्य न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरु उपर विषयगत विज्ञता सहित कानूनी प्रतिरक्षा प्रणालीलाई थप प्रभावकारी र विश्वसनीय बनाउने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ।

६ **वित्तीय विश्लेषण तर्फः**

६.१ **खर्च विश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.५ करोड ७५ लाख ३२ हजार, अ.ल्या. रु.१० करोड १२ लाख, राजस्व बाँडफाँट रु.१४ करोड ६४ लाख ४६ हजार र अनुदानबाट रु.१ अर्ब १ करोड ८५ लाख २ हजार समेत रु.१ अर्ब ३२ करोड ३६ लाख ९२ हजार आम्दानी भएकोमा चालु तर्फ रु.५१ करोड ७० लाख २० हजार र पुँजीगत तर्फ रु.५९ करोड ४३ लाख ९९ हजार समेत रु.१ अर्ब ११ करोड १४ लाख १९ हजार खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ५.१८ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.१ करोड ८५ लाख ९३ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलना ३२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ४६.५२ प्रतिशत चालु र ५३.४८ प्रतिशत पुँजिगत खर्च भएको देखिन्छ। पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा अझ बढी खर्च गर्नुपर्ने देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

६.२ **लक्ष्य प्रगति:** पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा सञ्चालन गरेका कार्यक्रमको तोकिए बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। कुल ६०९ कार्यक्रममध्ये शुन्य प्रगति ३२ वटा रहेका छन्। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ६०९ | ३२ | - | - | - |

६.३ **त्रैमासिक पुँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

| क्र.सं. | बजेट उपशीर्षक अनुसार | कुल खर्च रु | त्रैमासिक खर्च (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | असार महिना |
| १ | ८०४४३४०३१०१ पुतलीबजार नगरपालिका | ३२९२९७ | ३४५२१ | ४५९७७ | ८९४५० | १५९३४९ | ८४४११ |
| २ | ८०४४३४०३५२३ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान | ६००० | ० | ० | ३००० | ३००० | ३५९ |
| ३ | ८०४४३४०३५२२ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | २८३२ | ० | ० | ६१० | २२२२ | १०७३ |
| ४ | ८०४४३४०३५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) | ७४५१२८ | १४६९०१ | ९५६५५ | १७९२४७ | ३२३३२३ | १८२१४६ |
| ५ | ८०४४३४०३५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | १९४२५ | ० | २१३६ | ११३५४ | ५९३५ | ५९३५ |
| ६ | ८०४४३४०३५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | ८७३८ | ० | ६४७५ | ० | २२६३ | ० |
| | कुल जम्मा | १११९४१९ | १८१४२३ | १५०२४३ | २८३६६१ | ४९६०९३ | २७३९२३ |
| | (प्रतिशत) | | १६ | १४ | २६ | ४५ | २५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक खर्च भएको कुल रकममध्ये प्रथम त्रैमासिकमा १६.३२ प्रतिशत, दोश्रो त्रैमासिकमा १३.५१ प्रतिशत, तेश्रो त्रैमासिकमा २५.५२ प्रतिशत र चौथो त्रैमासिकमा ४४.६५ प्रतिशत खर्च गरेको देखिएको छ। असार महिनामा मात्र २४.६५ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ। खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा १६.३२ खर्च भएको देखियो। यो रकममा गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि दिएको देखिन्छ। असार महिनामा मात्र २४.६५ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन। खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुँदा समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ।

६.४ **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नयाँबजार मोहरिया मसर्का ७ र ५ जोड्ने सडक क्रमागतमा गरी रु.१० लाख भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी गर्दा खाता तथा कच्चाबारी सहित भुक्तानी भएको हुँदा सो कार्यलाई निरन्तरता दिनुपर्दछ।

७ **प्रशासकीय सङ्गठन र जनशक्ति व्यवस्थापन तर्फः**

७.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १०९ जना स्थायी पदपूर्ति भएको देखिन्छ।

| क्र.स. | स्वीकृत पद | मन्त्रालयबाट स्वीकृत दरबन्दी | नगरपलिकाको O&M बाट स्वीकृत दरबन्दी | पदपूर्ती | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यालय | वडा | स्वास्थ्य | स्थायी | करार | रिक्त |
| १ | नवौं तह /दशौं | ३ | ३ | ३ | - | - | २ | ० | १ |
| २ | सातौ तह/ आठौं | ९ | ६ | ५ | - | १ | ५ | २ | ३ |
| ३ | छैठौं | १५ | ३३ | १८ | ४ | ११ | १५ | ६ | १२ |
| ४ | पाँचौं /छैठौं तह | ४४ | ३७ | २० | १७ | - | ४० | ४ | ० |
| ५ | चौथौ तह | ७७ | ९९ | ३० | १४ | ५५ | ३६ | ३८ | १४ |
| ६ | श्रेणी विहिन कार्यालय सहयोगी | - | ४६ | १२ | १४ | २० | ८ | ३८ | ० |
| ७ | श्रेणीविहिन सरसफाईकर्मी/सुरक्षा/विपद व्यावस्थापन/ सवारी चालक | - | २८ | २८ | - | - | ३ | २५ | ० |
| **जम्मा** | | **१४८** | **२५२** | **११६** | **४९** | **८७** | **१०९** | **११३** | **३०** |

पालिकामा ११६ जना, १४ वडामा ४९ जना, स्वास्थ्य संस्थामा ८७ जनासहित २५२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म विभिन्न पदमा निजामती तथा स्थानीय तर्फको १०९ जना पदपूर्ति र ३० जना रिक्त भएको देखिन्छ ।

• लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर लगायत ३० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। अनिवार्य रुपमा कार्यविवरण तयार गरी सोही अनुरुप कार्य गराउने गरी लागु गर्नुपर्दछ।

• मन्त्रालयबाट स्वीकृत दरबन्दी १४८ मा नगरपालिकाले स्वीकृत गरेको दरबन्दीमा २५२ रहेको छ। पालिकाले तयार गरी सञ्चालनमा ल्याएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धित निकायमा दर्ता गर्नुपर्नेमा सो गरेको देखिएन।

• पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, लगायतका पदमा मात्र सेवा करारबाट सेवा लिन सकिने व्यवस्था छ। स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न प्राविधिक पदमा करार नियुक्ति गरी खर्च लेखेको देखिन्छ।

• दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवाप्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ वैज्ञानिक सङ्गठन र व्यवस्थापन सर्वेक्षण परिमार्जन गरी वैज्ञानिक तथा वस्तुनिष्ट बनाई कार्यविवरण तयार गरी पदहरु यथासक्य छिटो पूर्ति गरी सेवाप्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७.२ **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.३ करोड ८३ लाख ९५ हजार भुक्तानी गरेको पाइयो। ऐनमा भएको व्यवस्था विपरित कर्मचारी नियुक्त गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. | तलब स्रोत |
|---|---|---|---|
| अधिकृत | ७ | ३९७५६९९.० | सशर्त तथा पालिकाको आन्तरिक आय |
| अधिकृत | १ | ५६७९५७.० | |
| सहायक | २५ | ९४२५०००.० | |
| सहायक | १७ | ६४०९०००.० | |
| श्रेणीविहिन | ६३ | १८०१८०००.० | |
| **जम्मा** | **११३** | **३८३९५६५६.०** | |

७.३ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४८ स्वास्थ्यकर्मी तथा कर्मचारीको रु.४ करोड २१ लाख ४८ हजार र पालिकाका १४८ कर्मचारीको रु.६ करोड २८ लाख ७२ हजार समेत रु.१० करोड ५० लाख २० हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउनेभन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुनसक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## ८ पेश्की व्यवस्थापन तर्फः

८.१ **म्याद ननाघेको पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष ३ कार्यक्रममा ३ वटा निकाय व्यक्ति तथा संस्थालाई रु.८ लाख ९० हजार पेश्की दिएको छ। म्याद नाघेको तथा ननाघेको पेश्कीको हिसाब आर्थिक वर्षको अन्तसम्म अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ।

| पेश्की बाँकी | म्याद ननाघेको | म्याद नाघेको | जम्मा | कैफियत |
|---|---|---|---|---|
| कर्मचारी | ३००००० | - | ३००००० | सुत्रको वित्तीय विवरणको अनुसूची २३ अनुसार तयार गरिएको |
| संस्थागत | ५००००० | - | ५००००० | |
| व्यक्तिगत | ९०००० | - | ९०००० | |
| उपभोक्ता समिति | - | ५६७००० | ५६७००० | |
| **जम्मा** | **८९००००** | **५६७०००** | **१४५७०००** | |

८.२ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ। पालिकाले उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई रु.५ लाख ६७ हजार बाँकी रहेको देखिन्छ। सो म्याद नाघेको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

## ९ अनुदानको अनुगमनः

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि हाते ट्र्याक्टरमा रु.५४ लाख ४५ हजार र पशुपालनमा रु.११ लाख ३० हजार तथा कृषकहरुलाई च्याउ बीउमा रु.५८ हजार एवम् बीउपूँजी तथा अनुदानमा रु.११ लाख ०७ हजार गरी रु.७७ लाख ४० हजार अनुदान खर्च लेखेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा

सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका समेत छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं | अनुदानको किसिम | व्यक्ति संख्या | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा मकैको बीउ वितरण कार्यक्रम | १९४७ | ८१७६६० | पालिकातर्फ |
| २ | ५० प्रतिशत अनुदानमा धानको बीउ वितरण कार्यक्रम | ३४४ | २८९६०० | पालिकातर्फ |
| ३ | ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण कार्यक्रम | ३७७ | ४९७४४८० | पालिकातर्फ |
| ४ | ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण कार्यक्रम | ३६ | ४७०७०० | शसर्त अनुदान |
| ५ | ५० प्रतिशत अनुदानमा भैसी वितरण कार्यक्रम | २६ | ११२९२९५ | शसर्त अनुदान |
| ६ | ५० प्रतिशत अनुदानमा च्याउको बीउ वितरण कार्यक्रम | ३९ | ५८३५० | पालिकातर्फ |
| | **जम्मा** | **२७६९** | **७७४००८५** | |

## १० अनुदानको प्राप्ति, उपयोग र फिर्ताः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ। पालिकाले सङ्घीय सरकारलाई फिर्ता गर्नुपर्ने देहायको रकम फिर्ता गरेको छ। खर्च हुन नसकेका अनुदान रकमहरु समयमा नै फिर्ता कार्यलाई निरन्तरता दिनुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | सशर्त | ८३४९२३७७५ | ७४५१२७६३१ | ८९७९६१४३ | २०८१/०८२ भित्र सङ्घ सरकारमा फिर्ता गरेको |
| | विशेष | ८७३८१०० | ८७३८१०० | ० | |
| | समपुरक | १९४२४७०८ | १९४२४७०८ | ० | |
| **क)** | **जम्मा** | **८६३०८६५८३** | **७७३२९०४३९** | **८९७९६१४३** | |
| **प्रदेश सरकार** | सशर्त | ० | ० | ० | |
| | विशेष | २८३२००० | २८३२००० | ० | |
| | समपुरक | ६०००००० | ६०००००० | ० | |
| **ख)** | **जम्मा** | **८८३२०००** | **८८३२०००** | ० | |
| **(क+ख)** | **कुल जम्मा** | **८७१९१८५८३** | **७८२१२२४३९** | **८९७९६१४३** | |

यस्तै गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष प्रदेश सरकारबाट प्राप्त रकम पूर्ण रुपमा खर्च गरेको छ।

## ११ सेवाप्रवाह विवरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा

माग भएपनि पेश भएन। आंशिक रुपमा प्राप्त विवरण तलको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवाप्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

| १ | पञ्जीकरणतर्फ | जम्मा | २ | पूर्वाधार विकास सडक निर्माण | जम्मा |
|---|---|---|---|---|---|
| क | जन्मदर्ता | ९८० | क | कालोपत्रे तथा ढलान सडक निर्माण | ११.४ कि मि |
| ख | मृत्युदर्ता | ४६० | ख | शौचालय मर्मत | ४ वटा |
| ग | बसाईसराई दर्ता | ३६० | ग | खानेपानी टंकी तथा धारा निर्माण | २२ वटा |
| घ | विवाह दर्ता | ४८५ | घ | विद्यालय | ६ वटा |
| ङ | सम्बन्ध विच्छेद दर्ता | १३८ | ङ | स्वीकृत घरनक्सा दर्ता पास | १०७ |

पालिकामा पञ्जीकरणमा जन्मदर्ता ९८०, विवाह दर्ता ४८५, मृत्यु दर्ता ४६० र बसाईसराई दर्ता ३६० छ भने भौतिक पूर्वाधारमा बाटोघाटो, शौचालय, विद्यालय तथा पानी टंकीहरु निर्माण भएका छन। पालिकाले सबै सेवाप्रवाहलाई अभिलेखीकरण गरी चुस्त दुरुस्त बनाउनु पर्दछ।

## १२ आर्थिक सहायता र सफ्टवेयर सञ्चालन सम्बन्धीः

१२.१ **आर्थिक सहायताः** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरी सोही आधारमा मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न १५ संघसंस्था र ७० व्यक्तिलाई रु.१२ लाख ३७ हजार आर्थिक सहायता वितरण गरेको छ। यस्तो सहायता मुख्यगरी मानसिक रोगी, दीर्घ रोगी, अशक्त एवम् वृद्धहरुलाई सहायता, क्रिया खर्च तथा शव व्यवस्थापन जस्ता कार्यमा उपलब्ध गराएको पाइयो। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५ करोड ७५ लाख ४३ हजारको २.१ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड बमोजिम आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा जोड दिनुपर्दछ।

१२.२ **सफ्टवेयर खरिदः** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ। स्थानीय तहले देहाय तालिकामा भए बमोजिम ४ वटा सफ्टवेयर खरिद गरी रु.२८ लाखमा सम्झौता भएकोमा १ वटा UNDP बाट अनुदानमा प्राप्त भएको देखिन्छ। यसरी प्राप्त भएको सफ्टवेयर सचालनको लागि सूचना तथा प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन। यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

रकम रु. हजारमा

| क्र.सं | कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद खर्च | यो वर्षको वार्षिक मर्मत सभार खर्च | हालसम्मको मर्मत सभार खर्च |
|---|---|---|---|---|---|
| १ | HMIS | ०७९/८० | ९०० | ९९.७२ | २१३.६७ |
| २ | डिजिटल प्रोफाइल | ०७८/७९ | १४०० | १४५.०० | २८७.२२ |
| ३ | इ-सिफारिस | ०७९/८० | ५०० | ४३.५० | ८४.९२ |
| ४ | SEVMIS | ०७९/८० | UNDP बाट अनुदानमा प्राप्त | ६७.०० | १३१.५६ |

## १३ वार्षिक खरिद योजना तथा गुरुयोजनाः

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५९ करोड ४३ लाख ९८ हजार पुँजीगत खर्च/खरिद निर्माण

कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १४ आन्तरिक नियन्त्रण प्रणाली तर्फः

१४.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनुवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत २२२ जना कर्मचारीको कार्यविवरण बनाई दिएको तर सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन प्रतिवेदन पेश गरेको छ भने भ्रमण उपलब्धीको मूल्याङ्कन गरेको छैन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिमका क्रियाकलापहरू पूर्ण रुपमा गर्नुपर्दछ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• सम्पत्ति, व्यवसाय तथा वहाल कर लगायत करारीय राजस्व र प्रदेश सरकारले तोकेका करको प्रशासकीय र नियमन क्षमता सुधार गर्नुपर्ने देखिएको।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको तथा कार्यान्वयन पुर्णरुपमा नभएको।

• पालिका भित्रका विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको।

• IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्ण रुपमा तयार नगरेको।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण ,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था तथा भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अद्यावधिक गरेको पाईएन।

• एउटै कार्यक्रममा भ्याटेबल आइटमको भ्याट बिल पेश हुनुपर्ने टुक्रा टुक्रा प्यान बिल पेश भएको।

• सोझै खरिद भएको कार्यको पालिका र वडाको कुनै पनि खरिद कार्यमा लागत अनुमान तयार नगरी खरिद गरेको।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन नियमावली) नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार गत विगतमा बेरूजु औंल्याइएका विषयका समधान र बेरुजु फस्यौटको लागि थप प्रयास गर्नुपर्ने देखिन्छ।

• पालिकाले वर्षभरीमा सम्पादन गर्नेगरी कार्यक्रममा रहेका र आईपर्ने सम्भावित जोखिमहरू पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्ययोजना तयार गरेको पाईदैन।

• निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन कतिपयमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको पाइन्छ। पालिकाको प्राविधिकले गरेको कार्य हो होइन यकिन गर्नसक्ने गरी कागजात पेश हुनुपर्छ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०, ११, १२ र १३ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले निर्माण तथा अन्य कार्यहरुमा जस्तै फर्निचर खरिद जस्ता कार्यहरुमा पनि लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी र विश्वसनीय बनाई वित्तीय प्रतिवेदनको शुद्धता कायम गर्दै विषयगत कार्यसम्पादन क्षमताका साथै संस्थागत सुधारका पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१४.२ **योजना तथा बजेट कार्यन्वयनः** यसवर्ष पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वित हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन।

• पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ।

• पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास गरेको देखिएन।

१४.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा श्रोत नक्साङ्कन गरेको देखिएन। पालिकाका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

१४.४ **बेरुजु लगतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ। पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत

प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख राखेको छ। साथै पालिकाले बेरुजु सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिन्छ। बेरुजु र बेरुजु फछ्यौटको लगत अद्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षको प्रतिवेदनमा औल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउने कार्यलाई निरन्तरता दिनुपर्दछ।

१४.५ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

१५ **सहकारी तर्फ :**

१५.१ **सहकारी नियमन :** सहकारी ऐन, २०७४ को दफा ७३ र पुतलीबजार नगरपालिका सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी संस्थाहरुको अनुगमन, मूल्याङ्कन तथा नियमन निर्देशिका, २०८० को बुँदा ४ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ७४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ७३ वटा सहकारीले विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा ४३ वटा मात्र पेश भएको छ। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

| क्र. स. | सहकारी विवरण | दर्ता भएका | कोपोमिससमा आबद्ध | बा.ले.प.पेश |
|---|---|---|---|---|
| १ | बचत तथा ऋणसहकारी | ३९ | ३९ | २७ |
| २ | कृषीसहकारी | १३ | १२ | ६ |
| ३ | उपभोक्तासहकारी | १ | १ | 0 |
| ४ | दुग्धसहकारी | १ | १ | 0 |
| ५ | बहुउदेश्यि | १० | १० | ५ |
| ६ | अन्य | १० | १० | ५ |
| | **जम्मा** | **७४** | **७३** | **४३** |

**सहकारी संस्थाको अनुगमन :** नगरपालिका सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा ७१ र ७२ अनुसार पालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ। पालिकामा ७४ सहकारी सञ्चालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम सबै सहकारी संस्थाहरूको अनुगमन गरेको देखिएन। त्यसैले सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरूको बचत रकम र संस्थाहरूको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभूत गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

**सहकारी बचत तथा कर्जा सुरक्षण कोष :** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा संस्थाहरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका सहकारीहरूको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरी नागरिकहरूको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरी कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ।

१५.२ **विशेष व्यवस्था :** पुतलीबजार नगरपालिका सहकारी ऐन, २०७४ को दफा ७४ मा बचत तथा ऋणीहरूको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था रहेको छ। पालिकामा ७४ वटा ८ प्रकृतिका सहकारी रहेकोमा शेयर सदस्य ३३९०४ तथा शेयरपुँजी रू.२ अर्ब १७ करोड ५९ लाख ७४ हजार छ भने सो पूर्ण विवरण आँउन सकेको छैन। १० करोड भन्दा माथि ७ वटा बचत तथा ऋण सहकारी रहेका छन्। अन्यको विवरण आउन सकेको छैन। यसैगरी पालिकामा ३९ वटा बचत तथा ऋण सहकारी रहेकोमा शेयर सदस्य २४९६७ तथा शेयरपुँजी रू.४१ करोड ४१ लाख ८० हजार छ भने अन्यको विवरण आउन सकेको छैन। तसर्थ पालिकाले निरीक्षण र अनुगमण गर्दा नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिनुपर्दछ।

१५.३ **विघटन र दर्ता खारेज :** नगरपालिका सहकारी ऐन, २०७४ को दफा ७७ मा विघटन र दर्ता खारेजीको व्यवस्था रहेको छ। सो व्यवस्थालाई उल्लंघन गर्ने २९ वटा सस्थाहरु फरार/ सम्पर्क विहिन अवस्थामा लामो समयदेखि रहेको छन्। पालिकाको विवरण अनुसार कृषि १३, बचत १० अन्य ६ निष्कृय तथा आंशिक संचालनमा रहेका छन। यस बारेमा पालिकाले कारवाहीको पहल गरेको देखिएन। तसर्थ नागरिकको वचतको सुनिश्चितता गरी खारेजी र विघटन गरी दर्ता प्रमाणपत्र रद्ध गर्ने प्रकृयामा जानु पर्दछ।

१५.४ **वार्षिक प्रतिवेदन :** पुतलीबजार नगरपालिकाले सहकारी ऐन, २०७४ को दफा ७४ मा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण गरी वार्षिक प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार सञ्चालनमा रहेका सहकारी संस्थाको शेयरपुँजी, बचत, ऋण लगानी, कुल सम्पत्तिको विवरण देहाय बमोजिम रहेको छ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | शेयर सदस्य संख्या | शेयरपुँजी रु. | बचत रु. | ऋण लगानी रु. | कुल सम्पत्ति रु. |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | ३९ | २४९६७ | ४१४१८०४३५ | ११६३६३८११४ | ११६७२१५४१६ | १७३८७९७३४० |
| बहुउद्धेश्यीय सहकारी संस्था लि. | १० | ४११० | ७५५८१६७२ | १६८६९९७२५ | २०६९०५८९३ | २९३७७६१४५ |
| कृषि सहकारी संस्था लि. | १३ | ३६२६ | २३७९९२४७ | ४७४४७१७१ | ६१६७२७५२ | ८७३८३६७६ |
| उपभेक्ता सहकारी संस्था लि. | १ | १३ | २५०० | ३५००० | ० | २७०००० |
| बहुमुखी सहकारी संस्था लि. | ११ | ११८८ | १२००६६९३ | २३८४६५८५ | ३१९१४६७८ | ५५७४७०२५ |
| **जम्मा** | ७४ | ३३९०४ | ५२५५७०५४७ | १४०३६६६५९५ | १४६७७०८७३९ | २१७५९७४१८६ |

आर्थिक वर्ष २०८१।८२ सम्म जम्मा ७४ वटा सहकारी संस्था मध्ये ४३ सहकारी संस्थाको विवरण प्राप्त भएको छ। ७४ वटा सहकारी संस्थामा ३३९०४ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयरपुँजी रु.५२ करोड ५५ लाख ७० हजार रहेको छ भने कुल सम्पत्ति रु.२ अर्ब १७ करोड ५९ लाख ७४ हजार रहेको छ। सम्पूर्ण निकायको विवरण प्राप्त नहुँदा पूर्ण रुपमा विश्लेषण गर्न सकिएन। पालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका सबै सहकारीबाट नियमित रुपमा वित्तीय विवरण माग गर्ने, अनुगमन गर्ने कार्य गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले सहकारी ऐन बमोजिम वित्तीय प्रतिवेदन माग गर्ने, अनुगमन गर्ने लगायत तोकिएका कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

## १६ सामुदायिक वनको आय :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्री बापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकामा रहेको ८८ वटा सामुदायिक

वन उपभोक्ता समितिबाट वन पैदावारको बिक्री बापतको प्राप्त हुने रकमको दश प्रतिशत रकम वन कार्यालयसँग समन्वय गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१७ **पुरातात्विक महत्वका मन्दिर निर्माण :**

प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, ढुङ्गेधारा, ईनार आदिकको पुनर्निर्माण, जीर्णोद्धार, स्तरोन्नती मर्मत गर्दा पुरातत्व विभागको स्वीकृति लिनुपर्ने तथा यस्तो मर्मत, जीर्णोद्धार गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष मन्दिरको पुनर्निर्माण गर्न रु.१ करोड १० लाख ५० हजार विनियोजन गरी रु.८४ लाख १७ हजार खर्च गरेको छ। यस्ता पौराणिक महत्वका मन्दिर स्तरोन्नति, छटघाट ढलान, मन्दिर कोठा निर्माण, मन्दिर जीर्णोद्धार कार्यको लागि परीक्षण गरेका भौचरमा संलग्न लागत अनुमान, प्राविधिक नापी तथा उपभोक्ता समितिले पेश गरेका बिल विजकहरुमा सिमेन्ट प्रयोग हुने आरसिसि, पिसिसि, प्लाष्टर लगायतका कंक्रिटजन्य संरचना निर्माणको लागि भुक्तानी गरेको देखियो। कानुनमा व्यवस्था भए बमोजिम धार्मिक तथा पौराणिक महत्वका सम्पदाहरुको संरक्षण तथा मर्मत गर्दा पौराणिक महत्व झल्कने तथा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्री प्रयोग भएको छ भन्ने प्रमाण श्रेस्तासँग संलग्न राखेको छैन। यसबाट धार्मिक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको मौलिकता संरक्षित हुन नसिकी मौलिकता परिवर्तन हुने देखिन्छ। यस कार्यमा सुधार गरी कानुनमा भएको व्यवस्था बमोजिम कार्य गराउन पालिकाले ध्यान दिनुपर्दछ।

१८ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घरजग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल सरकार र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था घरजग्गा क्षेत्रफल र संख्या ३२-१४-३-१ को प्राप्ति मिति, मूल्य र संख्याको विवरण पेश नभएको अतिक्रमणमा परेको जग्गा यकिन नभएको, अतिक्रमण हटाउन गरेको प्रयास ३०० रोपनी सातुपसल गा.वि.स १ देखि ९ वडा हाल पुतलीबजार नगरपालिकाले भोग चलनमा ल्याएको विवरण प्राप्त भएको छ। ऐन नियम कार्यविधिको व्यवस्था अनुसार सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षण गर्नुपर्दछ।

१९ **खरिद कार्यको जिम्मेवारी र खरिद विधिसम्वन्धी व्यवस्था :**

सार्वजानिक खरिद ऐन, २०६३ को परिच्छेद २ बमोजिम सार्वजानिक निकायले मालसामान, निर्माणकार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्दछ। उपदफा (१) बमोजिम विवरण तयार गर्दा त्यस्ता मालसामान, निर्माणकार्य वा सेवाको सम्बद्ध वस्तुगत प्राविधिक गुणस्तरजन्य विशेषता र कामको आधारमा गर्नुपर्दछ। पालिकाले मालसामान, निर्माणकार्य वा सेवाको विशेषताको स्पष्ट रुपमा बुझिने गरी कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेन्ट, डिजाइन, प्रकार, र उत्पादकको नाम उल्लेख गरेको पाईएन। आर्थिक पारदर्शिता र गुणस्तरीय सेवाको उपभोगको निम्ति पालिकाले यो विषयमा ध्यान दिई सोही बमोजिम गर्नुपर्ने देखिन्छ।

२० **दररेट निर्धारण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा विद्युत महशुलको न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकि सक्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सोही बमोजिमको व्यवस्थामा कुनै पनि सेवाको न्युनतम दररेट तोकेको हुनुपर्छ। ऐनमा भएको व्यवस्था लाई प्रभावकारी पुर्व लागु गर्नुपर्नेमा पालिकाको ध्यान जानुपर्छ।

२१ **आयोजना पारदर्शिता :**

पालिकाले सञ्चालन गरेका आयोजनाहरूमा आयोजना सूचना पार्टीमा कम मात्रामा टाँस गरेको पाइन्छ। स्थानीयस्तरमा सञ्चालन हुने आयोजनाहरुमा सूचना पार्टीमा आयोजना सम्बन्धी विवरणको यथार्थ जानकारी हुने हुँदा खर्चमा पारदर्शिता तथा प्रभावकारिता ल्याउन यस्ता विषयमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२२ **योजना छनौट र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा आर्थिक विकास र गरिबी निवारणमा योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्नसक्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने लगायतका विषयहरुमा प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। तर पालिकामा उत्पादनमूलक योजनालाई खासै जोड दिएको पाईदैंन। वर्षेनी सामुदायिक भवन, खेलमैदान, पार्कजस्ता संरचनाहरु बढी बनेको देखिन्छ। तसर्थ योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२३ **नगर विकास कोषको परिचालन**

पालिका अन्तर्गत नगर विकास समिति कोषमा जिम्मेवारी रु.१६ लाख १० हजार, आम्दानी रु.११ लाख २० हजार, खर्च रु.१७ लाख ७८ हजार र बाँकी मौज्दात रु.९ लाख ५२ हजार रहेको छ। कोष सञ्चालन सम्बन्धी मापदण्ड र कार्यविधि तयार गरी कोषको समुचित परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२४ **मापदण्ड बिना इन्धन खर्च:**

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को अनुसूची १ मा पदाधिकारीलाई मासिक रुपमा सवारी साधनको निम्ति पाउने ईन्धन सुविधा सम्बन्धी व्यवस्था छ। पालिकाले ईन्धन सम्वन्धमा कुनै स्पष्ट मापदण्ड नबनाई रु.१० लाख ५० हजार बजेट विनियोजन गरी खर्च गरेको छ। ईन्धन खर्चलाई आवश्यक मापदण्ड बनाई पालिकाले खर्चलाई मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२५ **पदाधिकारी कर्मचारी अवलोकन भ्रमण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ.न. ४१२ मिति ०८१।११।५ बाट जनप्रतिनिधि र कर्मचारीको मकवानपुर र चितवन जिल्ला समेतका स्थानमा संयुक्त अवलोकन भ्रमण बापत रु.४ लाख ०६ हजार खर्च गरेको देखियो। यस्तो खर्चमा भ्रमण प्रतिवेदनको उद्धेश्य अनुसार उपलब्धिको मापन गर्नुपर्दछ।

२६ **पदाधिकारी सुविधा :**

गण्डकी प्रदेशको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने ब्यवस्था छ। पालिकाले पदाधिकारी सुविधा बापत यसवर्ष रु.१ करोड ५६ लाख ७६ हजार भुक्तानी गरेको छ। कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ।

२७ **निर्देशिका बेगरको कार्यक्रम :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कार्यक्रमहरु निर्देशिका बेगर सञ्चालन गरेको पाईएको छ। यसरी स्पष्ट मापण्ड बेगर भएको कार्यक्रम खर्चलाई नियमसम्मत् मान्न सकिएन। यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ।

| क्र.स. | विवरण | खर्च |
|---|---|---|
| १ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ११९३००० |
| २ | महिला सशक्तीकरण कार्यक्रम | १८८७५० |
| ३ | मेयर कप खेलकुद प्रतियोगिता | ७६९०२३ |
| ४ | लागुपदार्थ तथा दुर्व्यसनी न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम | ९६००० |
| ५ | उपमेयरसँग महिला कार्यक्रम | ४००७१० |
| ६ | जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा सहभागी व्यवस्थापन | १५०००० |
| ७ | मेयरसँग खेलकुद प्रवर्द्धन तथा सामाग्री अनुदान | २४३३६४ |
| ८ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | १००००० |
| ९ | राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता | ५००००० |
| | जम्मा | ३६४०८४७ |

| | |
|---|---|
| अनियमित भएको | ३६,४०,८४७ |

२८ **जिन्सी व्यवस्थापन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालयले जिन्सी निरीक्षण गराई सोको प्रतिवेदन लिनुपर्ने र जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम बिक्री तथा मर्मतसम्भार गर्नुपर्ने मालसामानको लिलाम तथा मर्मतकार्य गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा मोटरसाईकल ४ वटा, ल्याप्टप ६ वटा, प्रिन्टर २१ वटा र टेबुल ५ वटा, कुर्सी २५ वटा लगायत १५१ थान मालसामानहरु लिलाम गर्नुपर्ने र मोटरसाईकल ११ वटा, ल्यापटप ९ वटा, सोलार सेट १ वटा, टेबुल १० वटा, प्रिन्टर ३५ वटा लगायत विभिन्न किसिमका २१५ थान सामाग्रीहरु मर्मतसम्भार गर्नुपर्ने उल्लेख भएकोमा उल्लिखित जिन्सी मालसामानको लिलाम एवम मर्मत कार्य गर्नुपर्ने देखिन्छ। सो सम्बन्धमा देखिएका थप व्यहोराहरू यस प्रकार रहेका छन्।

• पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित मालसामानको तोकिएको समयमा लिलाम एवम मर्मत कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

• पालिकाले जिन्सी सामान वडा कार्यालय तथा अन्य विषयगत शाखालाई हस्तान्तरण गर्दा सहायक जिन्सी खाता मार्फत हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

• मोबाईल ल्यापटप मोटरसाईकल स्कुटर लगायतका सामानहरू सम्बन्धित कर्मचारी वा पदाधिकारीको नाममा छुट्टाछुटै ब्यक्तिगत लगत तयार गर्नुपर्ने देखिन्छ।

• पालिकाको स्वामीत्वमा रहेका घर जग्गा र भवनको अभिलेख राख्नुपर्ने देखिन्छ।

• सम्पूर्ण जिन्सी सामानहरूको PAMS मा मूल्य उल्लेख नगरी दाखिला गरेकोमा मूल्य खुलाउनुपर्ने देखिन्छ।

• पालिकाको स्वामीत्मा रहेको जिन्सी सामानहरुको विवरण PAMS प्रणालीबाट PAMS V2 प्रणालीमा पूर्ण रुपमा स्थानान्तरण गरेको देखिएन।

• जिन्सी सामाग्रीहरु PAMS V2 प्रणालीमा दाखिला गरी प्राप्त प्रतिवेदनको अभिलेख तथा कार्यान्वयनलाई व्यवस्थित बनाउनुपर्दछ।

२९ **विपद व्यवस्थापन शीर्षकबाट भएको खर्च :**

विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ को बुँदा नं. ५ मा कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था छ। सो अनुसार बाढीपहिरोको जोखिम रहेको स्थान तथा ताल, नदी तथा हिमतालले निम्त्याएको जोखिम र तत्काले अल्पीकरण नगरे विपद्जन्य घटना हुनसक्ने अवस्थामा विपद् कोषको रकम खर्च गर्न सकिने साथै अन्य विविध अवस्थाको बारेमा उल्लेख गरेको छ। त्यस्तै बुँदा नं. १५ मा

राहत कार्यमा कोषको रकम खर्च गर्दा ध्यान दिनुपर्ने विषयको बारेमा उल्लेख छ। सो अनुसार सामूहिक राहत हुने प्रकृतिको सहयोगको व्यवस्था गर्न सकिने, अन्य प्रकोपजन्य अवस्थाहरु जस्तै शितलहर, तातो हावा, सुख्खा, खडेरी, भोकमरी लगायतका प्रकोपजन्य क्षेत्रमा राहत खर्च गर्न सकिने उल्लेख छ। पालिकाले निम्नानुसारको खर्च गर्दा विपद् व्यवस्थापन शीर्षकबाट खर्च गरेकोमा कार्यविधिमा भएको व्यवस्था विपरित नियमित प्रकृतिको कार्य, पहिल्यै बजेट तथा कार्यक्रम नछुट्याएको अवस्थामा वा बजेट अपुग रहेको अवस्थामा यस विपद व्यवस्थापन शीर्षकबाट खर्च गर्ने गरेको पाइएकोले यस किसिमको कार्यविधि विपरित गरेको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ.न. र मिति | भुक्तानी पाउने | रकम रु. | प्रयोजन |
|---|---|---|---|
| ३९।०८२-३-१५ | ठुली भन्जयाङ्ग गाउँ शहर स्टोर्स | १९७७०० | विपदको सामाग्री खरिद |
| ३२।०८२-३-२ | आँधीखोला कोरिडोर अन्तर्गत गैरीजाँगरमा वृहस्पति अर्यालको घर संरक्षण उपभोक्ता समिति | ९५००० | पर्खाल निर्माण |
| १७।०८२-१-४ | पुण्य प्रसाद गौतमको घरमा वाल | ७६८३५ | वाल निर्माण |
| १५। ०८१-१२-३१ | दुर्गा देवी भण्डारी घर नजिकको पहिरो हटाएर घर संरक्षण | ७७६०० | पहिरो हटाउने काम |
| ८५४।०८२-३-९ | रेडक्रस भवन अगाडी ढलान वडा नं १ | ४७७५० | रेडक्रस भवन अगाडी ढलान |

## ३० **वितरणमुखी कार्यमा खर्च :**

पालिकाले चालु खर्च मितव्ययी र पुँजीगत खर्च नतिजामूलक देखिने गरी खर्च गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो.भौ.न. र मितिबाट वितरणमुखी कार्यमा खर्च गरेको देखियो। यसरी वितरणमुखी एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्चलाई नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणहरू यसप्रकार रहेका छन्।

| गो.भौ.न. / मिति | भुक्तानी पाउने | रकम रु |
|---|---|---|
| ६७४।०८२-२-२ | कुरुङ बयरघारी मुस्लिम युवा क्लव | ८८०० |
| ६७४।०८२-२-२ | नेपाल मगर संघ कला संस्कृति विकास उपभोक्ता समिति | ८५०० |
| ६७४।०८२-२-२ | जनसम्पर्क युवा क्लब | ९५५० |
| ६९४।०८२-२-९ | लायन्स क्लब अफ स्याङ्जा टाउन | १७५०० |
| ८२७।०८२-३-५ | जीवन विज्ञान प्रतिष्ठान | ४९२५० |
| ७०५।०८२-२-१२ | जनचेतना लोक सांस्कृतिक समूह | ४५००० |

## ३१ **मादल बजाउने तालिम :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वियन गर्नुपर्ने उल्लेख छ। पालिकाको देहायका भौ.न. र मितिबाट मादल बजाउने तालिम कार्यक्रम सञ्चालन गरी रु.६ लाख २३ हजार खर्च गरेको छ। पालिका तथा वडा कार्यालयले मादल बजाउने तालिम सञ्चालन गर्दा कार्यविधि नभएको तथा तालिममा सहभागी छनौटको स्पष्ट आधार तयार गरेको पाइएन। कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ अनुसारको नर्म्सहरु पालना गरेको पाईएन। तालिम पश्चात् सहभागीले हासिल गर्ने उपलब्धी तथा लाभको विश्लेषण गरेको पाईएन। पालिका तथा वडाले बजेट खर्च गर्दा वितरण गर्ने तवरले यस किसिमको खर्च गर्नु नतिजमूलक नरहेको तथा यस कार्यक्रमको प्रभावकारिता रहेको नदेखिएकोले वडाहरुले बजेट तथा कार्यक्रम तय गर्दा नतिजामूलक कार्यक्रम तय गर्नुपर्दछ।

साथै पालिकाले यस किसिमको अनुत्पादक कार्यक्रम सञ्चालन गरी खर्च लेख्नु औचित्यपूर्ण नरहेकोले यस किसिमको खर्चमा नियन्त्रण गर्नुपर्दछ। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्।

| गो.भौ.न./ मिति | कार्यक्रम | खर्च रकम रु |
|---|---|---|
| ५९१।०८२-१-२ | मादल बजाउने तालिम, पालिका | १९७७५० |
| ६३१।०८२-१-१७ | मादल बजाउने तालिम वडा नं १ | १००००० |
| ६६८।०८२-१-३१ | मादल बजाउने तालिम वडा नं ११ | ४७४०० |
| ७२९।०८२-२-१९ | मादल बजाउने तालिम वडा नं ५ | ९८१५० |
| ६८१।०८२-२-६ | मादल बजाउने तालिम वडा नं २ | ८०००० |
| ८८३।०८२-३-१३ | मादल बजाउने तालिम वडा नं १३ | १००००० |
| | जम्मा | ६२३३०० |

३२ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष विविध खर्च शीर्षकबाट रु.२० लाख ३५ हजार खर्च गरेको छ। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ। साथै यस प्रकारको खर्च नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

| **विविध खर्चको विवरण** | **खर्च रकम रु** |
|---|---|
| पालिका तर्फ विविध खर्च | ९१७११६ |
| वडा तर्फ विविध खर्च | १११७९०७ |
| जम्मा | २०३५०२३ |

३३ **पाठ्यपुस्तक छपाई गरी स्टक राखेको :**

सार्वजनिक खरिद ऐन, २०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ। साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैंयाभन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ। साथै कुनै सामाग्री खरिद गर्दा स्टक रहने गरी खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले भौचर नं ८१९।०८२-३-५ बाट स्थानीय पाठयक्रम छपाई गरी रु. २ लाख ५० हजार खर्च लेखेकोमा १०८ थान सिकाई सहजीकरण पुस्तिका स्टक रहेको पाईएकोले आवश्यकता पहिचान गरी सरकारी खर्चमा मितव्ययित कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३४ **मसलन्द तथा कार्यालय सामग्री खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शीर्षकमा यसवर्ष रु.१८ लाख ३२ हजार खर्च गरेको छ। पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारबाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी छ। पटक-पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ।

३५ **खेलकुद सहयोग :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिका तथा वडामा बजेट छुट्याई खेलकुद सम्बन्धित विभिन्न शीर्षकमा रु.१३ लाख १३ हजार खर्च लेखेको छ। पालिकाले यस किसिमको खर्च तथा सहयोग गर्दा कार्यविधि बनाएर मात्र गर्नुपर्दछ। तर विभिन्न खेलकुद कार्यक्रम तथा सहयोग उपलब्ध गराउँदा निश्चित कार्यविधि तयार नगरी खर्च गरेको पाईएको छ। प्रत्येक वर्ष वडागत बजेट विनियोजन गरी खर्च गरिरहेकोमा कुन कुन क्लब तथा निकायलाई हालसम्म के कति सहयोग रकम उपलब्ध गराएको छ सो को उपलब्धी मापन गरेको देखिएन। पालिका तथा वडाले प्रत्येक वर्ष कुन अनुपातमा र कुन निकायलाई के कति सामाग्री खरिद गरी उपलब्ध गराएको छ सो को अभिलेखिकरण नहुँदा खर्चमा मितव्ययिता तथा प्रभावकारी तवरले खर्च भएको देखिदैन। अत: यस्तो खर्च गर्दा लगत राखी खर्च गर्नुपर्दछ। साथै पालिकाले नै आर्थिक वर्षको आवश्यक सामाग्री यकिन गरी एकमुष्ठ खरिद गरी सामाग्री वितरण गर्नु प्रभावकारी देखिन्छ।

३६ **विद्युत् महशुल भुक्तानी :**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५ बमोजिम पानी तथा बिजुली टेलिफोनको महशुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको नेपाल विद्युत् प्राधिकरणलाई विभिन्न समयको विद्युत् महशुल भुक्तानी गर्दा जरिवाना तिरेको पाइएको छ। पालिकालाई बढी दायित्व श्रृजना भएकोले थप व्ययभार भएको यस किसिमको खर्चलाई नियमसम्मत् मान्न सकिएन। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | २६,९७७ |

३७ **कृषि विकास कार्यक्रमः**

• कृषि सेवा कार्यक्रम तर्फ यसवर्ष संघीय सरकार र पालिकाको आन्तरिक स्रोतबाट गरी रु.९६ लाख ६० हजार विनियोजन गरी रु.७१ लाख ८४ हजार खर्च गरेको छ।

• पालिकाले विगतमा कृषि सेवा कार्यक्रम मार्फत वितरण भएको अनुदानको अनुगमन गरेको पाइएन। वितरण भएको अनुदानको अनुगमन गरी प्रभावकारिता अभिवृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३८ **आकस्मिक लाभ करः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **कार्यालय तथा मसलन्द खरिद मूल्यको तुलना**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमुनाको रुपमा भौचर नं. १४६ बाट पालिकामा खरिद गरेको सामानको मूल्य, भौचर नं. ४३० बाट वडा नं. १, भौचर नं. ५२९ बाट वडा नं. २ र भौचर नं. ५२८ बाट वडा नं. १४ को वडा सञ्चालनको लागि खरिद गरेका एकै किसिमको सामानहरुको मूल्य तुलाना गर्दा देहाय अवस्था रहेको देखियो।

| क्र.स. | सामानको विवरण | पालिकाको खरिद मूल्य | वडा १ को खरिद मूल्य | वडा २ को खरिद मूल्य | वडा ३ को खरिद मूल्य |
|---|---|---|---|---|---|
| १ | फोटोकपी पेपर ७५ GSM | ५०९ | ६५० | ६०० | ५८० |
| २ | रेकर्ड फाइल | ५.६५ | | | १० |
| ३ | ग्लुस्टिक | ५४.२४ | १५० | १५० | ९० |
| ४ | नेपाली कागज | २६० | | ७५० | ८०० |
| ५ | नेपाली कागज लोगो समेत | ४५२ | १५०० | | १५०० |
| ६ | टिपेक्स | ४५.२० | | १०० | १०० |

उल्लेखित तालिकाबाट हेर्दा पालिकाले वडा कार्यालयहरुको तुलनामा १२ देखि ७० प्रतिशतसम्म कम मूल्यमा खरिद गरेको देखिन्छ। वडा कार्यालयहरुले खरिद गर्दाको लागत मूल्य पालिकाले खरिद गरेकोभन्दा धेरै देखिएको छ। वडा कार्यालयहरुलाई आवश्यक पर्ने विभिन्न कार्यालय सामाग्रीहरु पालिकाले एकमुष्ठ खरिद गरी आवश्यकताको आधारमा वितरण गर्दा मितव्ययी हुन सक्ने देखिन्छ। यसतर्फ पालिकाले आवश्यक ध्यान दिनुपर्दछ।

४० **गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका, २०७७ पालना गर्नुपर्ने व्यवस्था छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष रु.१३ लाख रुपैंया विनियोजा भएकोमा रु.१० लाख ४९ हजार रुपैंया खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

• **कार्यक्रम बाँडफाँट :** गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भए अनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची-३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको पाइएन। निर्देशिकाले तोकेभन्दा फरक तरिकाले खर्च गरेकोले कार्यक्रममा सुधार गरी निर्देशिकाले निर्धारण गरे बमोजिम सञ्चालन गर्नुपर्दछ।

• **प्रविधि हस्तान्तरणः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले मौरीघार उद्योग स्थापना तथा सञ्चालनको लागि विभिन्न सामाग्रीहरु खरिद गरेकोमा प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु.५७ हजार योगदान गराएको पाइयो। उपलब्ध प्रविधिलाई उच्चतम सदुपयोग गर्दै निरन्तर प्रतिफलमुखी सञ्चालनको सुनिश्चितता तर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ।

• **नँया उद्यमीलाई स्तरोन्नति/एड्भान्स तालिम प्रदानः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ३७ मा एड्भान्स तालिम सञ्चालन सम्बन्धी विभिन्न व्यवस्था रहेको छ। निर्देशिका अनुसार पूराना उद्यमीहरुलाई एड्भान्स तालिम प्रदान गर्नुपर्नेमा नयाँ उद्यमीहरुलाई बाख्रा पालन सम्बन्धी तालिम प्रदान गरी रु.१ लाख ०८ हजार खर्च गरेको छ। निर्देशिकामा व्यवस्था भए अनुरुप खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्धेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन भएको रु. ८३ लाख ३४ हजारमा रु.७४ लाख ५३ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

• **उपलब्धिको समीक्षाः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार

कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा लेखापरीक्षण अवधिसम्ममा गरेको देखिएन।

• **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्ममा गरेको देखिएन। निर्देशिकामा भए बमोजिम सावर्जनिक सुनुवाई गर्दै कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• **कार्यक्रमबाट रोजगारीः** यसवर्ष ४८५ जना पुरुष र ६३० महिला गरी जम्मा १११५ जना सुचीकृत रहेकोमा ७७ जनालाई औषत ९२ दिन गरी जम्मा ७०८४ दिन काम दिएको देखिन्छ। यस कार्यक्रम मार्फत पालिकाको क्षेत्रभित्रमा विभिन्न गोरेटो बाटो मर्मत, खानेपानी ट्याङ्की मर्मत लगायत जम्मा ४९ वटा कार्यक्रमहरु सञ्चालन गरिएको पाइयो। यस कार्यक्रमले स्थानीयस्तरमा अल्पकालीन रोजगारी सिर्जना गरेको भएता पनि स्थानीयस्तरमा दीर्घकालीन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४२ **पशु विकास कार्यक्रम**

• **पकेट विकास कार्यक्रमः** संघीय सशर्त कार्यक्रम मार्फत नँया गाई/भैंसी पकेट विकास कार्यक्रम सञ्चालनको लागि रु.२५ लाख विनियोजना भएकोमा खर्च रु.१६ लाख ७८ हजार भएको पाइयो। यस कार्यक्रम मार्फत वडा न. १३ र १४ मा भैंसी पकेट कार्यक्रम सञ्चालन भएको पाइयो। यस कार्यक्रम मार्फत ३१ जना कृषकहरुलाई भैंसी वितरणमा खरिद मूल्यको बढीमा ५० प्रतिशत वा अधिकतम रु.५० हजार दिने गरी कार्यक्रम सञ्चालन गरेको पाइयो।

• **बीउविजनमा अनुदानः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअलको बुँदा ७.१, तालिका १४ मा परियोजनाबाट उपलब्ध हुने सुविधा अन्तर्गत कृषि उत्पादन सामाग्रीहरु(बीउ, बेर्ना, विरुवा, माछा भुरा, पशु नश्ल लगायत) मा बढीमा ५० प्रतिशत सुविधा प्राप्त हुने व्यवस्था रहेको छ। पालिकाले भौचार नम्बर २३९, २०८२।२।१४ बाट नँया गाई/भैंसी पकेट विकास कार्यक्रमको लागि बीउविजन बापत जगत्रदेवी विरुवा उत्पादन तथा बिक्री केन्द्रलाई रु. ५८६०५.० भुक्तानी गरेकोमा सम्बन्धित कृषकहरुबाट लागत सहभागिता गरेको पाइएन। परियोजना कार्यान्विनय पुस्तिकामा भएको व्यवस्था बमोजिम लागत सहभागिता कायम गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• **घाँसको बीउको लागत मूल्य अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को उपनियम (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ भने उपनियम (२) मा उपनियम (१) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने विभिन्न आधारहरु बारेमा व्यवस्था गरिएको छ। पालिकाले नँया गाई/भैंसी पकेट विकास कार्यक्रमको लागि सुपर नेपियर घाँसको बीउ खरिद गर्दा नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम, बन्दिपुरको मिति २०८०।४।२ को बैठक निर्णयालाई आधार मानी सुपर नेपियर घाँसको प्रतिसेट रु. ३.० लागत अनुमान तयार पारिएकोमा जगत्रदेवी विरुवा उत्पादन तथा बिक्री केन्द्रसँग रु. १०.० प्रतिसेटमा २४७० सेट खरिद गरिएको पाइयो जसले गर्दा लागत अनुमानभन्दा रु. १७२९०.० बढी भुक्तानी भएको पाइयो। लागत अनुमान भन्दा बढी भुक्तानी भएकोलाई नियमित भएको मान्न सकिएन।

| | |
|---|---|
| अनियमित भएको | १७,२९० |

४३ **शिक्षा तर्फ :**

कार्यक्रम कार्यान्वयन स्थानीय तहमा शिक्षा तर्फको ससर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ अनुसार हुनेगरी शिक्षा तर्फको रु. २९ करोड ७८ लाख ७ हजार बजेटका कार्यक्रममा रु. २८ करोड ३१ लाख ६ हजार निकासा भुक्तानी गरेको देखिन्छ। यसमा १५ कार्यक्रम रहेकोमा शिक्षा तर्फ १५ वटै कार्यक्रमहरु पूर्ण रुपमा संचालन भएको छ। तलव भत्ता, दिवा खाजा, निशुल्क पाठ्य पुस्तक वितरण, विद्यालय संचालन तथा व्यवस्थापन अनुदान विद्यालय शैक्षिक गुणस्तर नियन्त्रण, कार्य सम्पादनमा आधारित प्रोत्साहन, छात्रवृत्ति, स्यानिटरी प्याड वितरण लगायतका कार्यक्रम संचालन भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छनः

४३.१ **शिक्षकको अभिलेख :** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा पालिकाले तलब भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको, शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागी सिफारीस भई

आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्ने, पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिवृत्त भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरबन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख पुर्ण रुपमा तयार गरेको देखिएन। विद्यालय स्तरमा सञ्चालन हुने कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासीक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले कार्यक्रम कार्यान्वियन कार्यविधिको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अद्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलब, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन। अत:पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पुर्णरुपमा पालना गर्नुपर्दछ।

४३.२ **विद्यालयगत निकासा रजिष्टर :** कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा उल्लिखित कार्यक्रम कार्यान्वियन प्रकृया र प्रगति सूचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नुपर्दछ। पालिकाले निकासा रजिष्ट्रर र प्रगति सुचक अध्यावधिक गरेर राखेको छैन। विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ।

४३.३ **शिक्षक विद्यार्थी अनुपात :** स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकाबाट उपलव्ध विवरण अनुसार ४७ विद्यालयहरु सञ्चालनमा रहेकोमा शिक्षक दरबन्दी बाल विकास केन्द्र बाहेक ३६९ दरबन्दी रहेकोमा ३६९ कार्यरत रहेको देखियो। पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कुल विद्यार्थी संख्या ४०६६ रही शिक्षक विद्यार्थी अनुपात १:११ देखिएकोले पालिकाले सत्यापन समेत नगरी विद्यार्थीको विवरण राखेकाले यकिन गर्न सकिएन। पालिकाले कार्यक्रम कार्यान्वियन कार्यविधिमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ।त्यसको लागि विद्यार्थी संख्या भौगोलिक क्षेत्र, भौतिक पूर्वाधार लगायतलाई आधार मानी विद्यालय व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ४३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४३.४ **शैक्षिक गुणस्तर :** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याती स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रसंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिक बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। साथै यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ। सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ मा विद्यालयको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग देखिएन। पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ। पालिका अन्तर्गतका विद्यालयहरुको २०८१ को एस.ई.ई परीक्षामा १७ सामुदायिक विद्यालयबाट ४२१ जना र ८ संस्थागत विद्यालयबाट २२७ जना गरी जम्मा ६४८ विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ :

| सि.नं. | जिपिए | विद्यार्थी | उत्रिर्ण विद्यार्थी संख्या | | उत्रिर्ण प्रतिशत | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | |
| १ | ३.६१-४.०० | ७० | ३९ | ३१ | ८८.५४ | ५३.२१ | ६५.५८ प्रतिशत |
| २ | ३.२१-३.६० | १२३ | ६० | ६३ | | | |
| ३ | २.८-३.२ | १५८ | ८४ | ७४ | | | |
| ४ | २.४-२.८ | ६१ | १८ | ४३ | | | |
| ५ | २.०-२.४ | ६ | ० | ६ | | | |
| | **पास** | ४१८ | २०१ | २१७ | | | |
| ६ | NG | २ | ० | २ | | | |
| | **जम्मा** | **४२५** | **२०१** | **२२४** | | | |

तालिका अनुसार ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी ३९ जना संस्थागत विद्यालयबाट र ३१ जना सामुदायिक विद्यालयबाट रहेका छन। साथै ३.२१-३.६० जिपिए ल्याउने विद्यार्थीमध्ये ६० जना संस्थागत विद्यालयबाट र ६३ जना सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको देखिन्छ। यसरी सामुदायिक विद्यालयबाट २ जना नन-ग्रेडेड भएका देखिन्छन। सामुदायिक विद्यालयहरूको ५३.२१ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएको देखिएकोले यसमा सुधार गर्दै गुणस्तर वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४३.५ **कक्षा ८ को परीक्षा सञ्चालन शुल्क :** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं १५.१ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एंवम् विद्यार्थी मूल्याङ्कनका गर्न पालिकाले कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६ बमोजिम ढाँचामा परीक्षाको ढाँचाको परिधि भित्र रही परीक्षाको स्तरीयता, प्रमाणीकरण र एकरुपता कायम हुने गरी परीक्षा सञ्चालन गराउने र परीक्षा सञ्चालन गर्दा संस्थागत विद्यालयबाट विद्यार्थीसँग प्रतिविद्यार्थी न्यूनतम रु.२७५ का दरले शुल्क लिई अभिलेख व्यवस्थापन तथा विद्यार्थीलाई प्रमाणपत्र वितरण गर्ने व्यवस्था छ। पालिकाले यसवर्ष १० वटा संस्थागत विद्यालयका २९० जना विद्यार्थीहरुको कक्षा ८ को परीक्षा शुल्क बापत प्रतिविद्यार्थी रु.३०० का दरले रु. ८७०००।- सङ्कलन गरेको विवरण पेश गरेको छ। यसरी संस्थागत विद्यालयको दर्ता, नवीकरण, कक्षा अपग्रेड लगायतका विषयमा समेत यकिन गरी अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

४३.६ **प्रति विद्यार्थी लागत :** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| **रु. हजारमा** | | | |
|---|---|---|---|
| **बजेट** | **खर्च** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
| ३१८६६४ | ३०२७९७ | ४७१८ | ६४.१७९ |

पालिकाको सामुदायिक विद्यालय तर्फको बाल विकास देखि कक्षा १२ सम्म ४७१८ विद्यार्थी रहेकोमा प्रति विद्यार्थी लागत रु. ६४१७९।– रहेको देखिन्छ। पालिकाले शैक्षिक गुणस्तर वृद्धि गरी लागत अनुसारको प्रतिफल प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४३.७ **बुककर्नर र प्रतिविद्यार्थी लागत :** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्रतिविद्यार्थी लागतका आधारमा १-५ सम्म प्रति विद्यार्थी रु.१५०, ६-१० सम्म रु.२०० र ११-१२ सम्म रु.२५० का दरले बुककर्नर अनुदान दिनसक्ने र सो रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम रकमको परिधिभित्र रहेर विद्यालय सुधार योजना कार्यान्वियन शैक्षिक सामाग्री व्यवस्थापन, मर्मतसम्भार, सोलार, ल्याब, फर्निचरजस्ता विषयमा खर्च गर्नसक्ने व्यवस्था छ। बाल कक्षामा शिक्षण सिकाई सामाग्री डिजिटल सिकाई सामाग्रीका लागि प्रतिविद्यार्थी रु.५०० अनुदान दिने व्यवस्था छ। पालिकाले ४७ विद्यालय र १६

वटा बालविकासका ६७१ विद्यार्थीलाई रु.५०० का दरले रु.३३५५००।-,१ कक्षामा भर्ना भएका विद्यार्थी ३७३ जनाको रु.१०० का दरले रु.३७३००।-, १-५ कक्षाका जम्मा १४५६ विद्यार्थीका लागि रु.१५० का दरले रु.२१८४००।-, ६-८ सम्म सिकाई सामाग्री व्यवस्थापनमा ११०६ जनाको रु.२०० का दरले रु.२२१२००।-, ९-१० कक्षाको ८९६ जनाको रु.२०० का दरले रु.१७९२००।- र ११/१२ को ५०८ जनाको रु.१२७००० गरी जम्मा रु.१११८६००।- निकासा गरेको उक्त रकम कार्यविधिले तोके बमोजिम सत्यापन प्रमाणित नगरी निकासा गरेकाले यथार्थ अवस्था पहिचान गर्न सकिएन। पालिकाले विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थीको सत्यापन प्रमाणित गरेको आधारमा मात्र निकासा गरी कार्यक्रम कार्यान्वियन कार्यविधिमा भएको व्यवस्था बमोजिम क्रियाकलाप तथा सामाग्रीमा खर्च गरेको रु.१११८६००।- बिल भरपाई तथा सामाग्री दाखिला गरी विद्यार्थी सत्यापन प्रमाणित र अनुगमन समेत गरेर विद्यार्थी संख्या यकिन र प्रमाण पेश गरी निकासा उचित उपभोग गराउनुपर्दछ।

४३.८ **अंग्रेजी र गणित विषयमा शिक्षण सहयोग अनुदान :** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं.२.७.१३.४० मा माध्यमिक तह कक्षा ९ र १० र क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभूत तह कक्षा ६ र ८ मा अंग्रेजी र गणित विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरबन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरबन्दी भएका आधारभूत तह(६-८) लाई न्यूनतम १ प्रतिशिक्षक र मावि तह (९-१०) १ शिक्षकलाई १२ महिनाको शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ। पालिकाले ३ विद्यालयलाई कार्यविधि बमोजिम मावि तहको ७ जना शिक्षकलाई १२ महिनाको तलब रु.३४३८२२१।- निकासा गरेकोमा शिक्षकको नियुक्ति तथा म्याद थपको विवरण उपलब्ध गराएको छैन। पालिकाले यस्तो तलब निकासा गर्दा विद्यालयबाट नियुक्ति तथा म्याद थपको पत्र पेश भएपछि मात्र अनुदान निकासा गर्नुपर्दछ।

४३.९ **ICT र पुस्तकालय ल्याब :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ। कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विद्यालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ। पालिकाले यसवर्ष कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार ICT ल्याबका लागि भौचर नं. २०३, ३०४ र ३०५ बाट क्रमश: श्री कालिका मावि, श्री सरस्वती मावि र श्री रामकोष फुलबारी माविलाई रु.६५०००० र भौचर नं. २७९ बाट पुस्तकालय ल्याबको लागि श्री रानीथुम्का माविलाई रु.६५०००० निकासा गरेको देखिन्छ। यसरी प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन अनुगमन र लगायतको कार्य यकिन गरी अनुगमन गरी पालिकाले खर्च यथार्थ भएको नभएको विश्वस्त हुनुपर्ने देखिन्छ।

४३.१० **अनुगमन मापदण्ड :** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन। पालिकाले कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

४४ **नि:शुल्क पाठ्यपुस्तक तर्फ :**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासीक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ।साथै पालिकाले पाठ्यपुस्तक बापत पहिलो किस्तामा ७५

प्रतिशत र दोश्रो किस्तामा वितरण भर्पाई, हाजिरी प्रमाणित र अनुगमन गरी सत्यापन प्रमाणित गरी थप किस्ता १०० प्रतिशत सम्म निकासा गर्न सकिने व्यवस्था रहेको छ। पाठ्यपुस्तक सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन :

४४.१ **कक्षा १ देखी १० सम्म :** पालिका अन्तर्गतका ४७ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा ७५ प्रतिशत रकम अर्थात (गो.भौ.न १६१/२०८१।१२।२१) बाट रु. १८२८३७९।- चैत्र महिनामा निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन समेत नगरी असार महिनामा भौचर नं. ३००/२०८२।०३।१३ बाट थप रु. ४१६९९५।- निकासा सहीत जम्मा रु. २२४५३७४।- अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सही सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन।

४४.२ **बिल भरपाई (कक्षा ११ र १२) पेश गर्नुपर्ने:** पालिकाले कक्षा ११ र १२ को विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक बापत भौचर नं. १६१/२०८१।१२।२१ बाट ११ विद्यालयका ५०५ जना विद्यार्थीहरुको लागि रु.१५२७३० निकासा भएको पेश विवरणबाट देखिन्छ। पालिकाले नयाँ शैक्षिक सत्रमा भएको भर्नाको विवरण, निकासामा सत्यापन प्रमाणित, बैशाख/जेठ महिनाको हाजिरी, निशुल्क पाठ्यपुस्तक अनुदानको एकीकृत अभिलेख तयार गरेर प्रमाणित र अभिलेखीकरण तथा अनुगमन प्रतिवेदन तयार गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्नेमा गरेको देखिएन। अन्तिम लेखापरीक्षणको क्रममा कक्षा ११ र १२ का विद्यार्थीहरुका लागि निकासा भएको नि:शुल्क पाठ्यपुस्तकको बिल भरपाई लगायत कुनै प्रमाण पेश नभएकोले सो अनुसार सम्बन्धित विद्यालयले प्रमाण पेश गर्नुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री त्रिभुवन आदर्श मा वि | ८७३५६ |
| २ | श्री काजिमान हरिटिका मा वि | ५४९२ |
| ३ | श्री सरस्वती मा वि | ५०५० |
| ४ | श्री शितला मा वि | ४७३४ |
| ५ | श्री हिमालय मा वि | ७३४८ |
| ६ | श्री जनता मा वि | ८६१२ |
| ७ | श्री कोल्मा बराहचौर मा वि | ६०९० |
| ८ | श्री मनकामना मा वि | १२६४ |
| ९ | श्री मातृभुमि मा वि | ६८०८ |
| १० | श्री कालिमा मा वि | १४२९४ |
| ११ | श्री रजस्थल मा वि | ५६८२ |
| | **जम्मा** | **१५२७३०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५२,७३० |

४५ **दिवा खाजा तर्फ :**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं.२.७.११.१ अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रतिविद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक बजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिक देखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका

अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण र हाजिरी प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। दिवा खाजा सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन :

४५.१ **कार्यक्रम कार्यान्वयन कार्यविधिको पालना अवस्था (दिवा खाजा):** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्ने व्यवस्था छ। पालिकाले भौचर नं. ५३, ९७, १८३ र ३०३ (नि:शर्त भौचर नं. २०८, ३७६, ६२९ र ९०५) बाट ४७ विद्यालय र १६ बाल विकास केन्द्रका २१९७ जना विद्यार्थीहरुका लागि दिवा खाजामा यसवर्ष रु.५३२४०००।- निकासा गरेको छ।

४५.२ लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएका विद्यालयलाई संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विद्यालय व्यवस्थापन समितिमा प्रमाणितका साथै पालिकाले समेत अनुगमन गरी यकिन गर्नुपर्नेमा नगरेकोले यथार्थ खर्च भएको यकिन गर्न सकिएन। पालिकाले विद्यालयहरुलाई दिवा खाजा निकासा दिदा संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विद्यालय व्यवस्थापन समितिमा प्रमाणित गराई अनुगमन समेत गरी दिवा खाजा निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

४६ **विद्यालय संचालन तथा व्यवस्थापन तर्फ :**

४६.१ **विद्यालय सुधार योजना :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागि आधारभूत तहमा सञ्चालित विद्यालयलाई रु.१५००० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२०००० का दरले निकासा दिन सकिने व्यवस्था छ। पालिकाले भौचर नं.६९/२०८१।०९।०४ बाट ४७ विद्यालयलाई विद्यालय सुधार योजना तयार गर्नको लागि रु.७९००००।- निकासा भुक्तानी गरेको पेश विवरणबाट देखिन्छ। कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार विद्यालय सुधार योजना निर्माण गरी आर्थिक वर्ष २०८१।८२ भित्रमा पालिकामा पेश गर्नुपर्नेमा पेश गर्नुपर्नेमा २२ विद्यालयहरुले सुधार योजना तयार पारी पालिकामा पेश गरेको नपाइएको सोको प्रमाण पेश हुनुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रेहको छ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ४६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७५,००० |

४६.२ **लेखापरीक्षण अनुदान :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभूत तह सञ्चालित विद्यालयहरुका लागि प्रतिविद्यालय रु.१००००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रतिविद्यालय रु.१५०००।- को दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शीर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनुपूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. ६९/२०८१।०९।०४ मा ४७ विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु.५५५०००।- निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले सम्बन्धित विद्यालयले आर्थिक लेखापरीक्षण गराई सोको प्रमाण पेश गर्नुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ४६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५५,००० |

४६.३ **इन्टरनेट जडानको प्रमाण :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० मा शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानीय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि

प्रतिविद्यालय रु.१२००० उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने उल्लेख छ। पालिकाले गो भौ नं. ६९/२०८१।०९।०४ बाट पालिका भित्रका ४७ विद्यालयहरुमा इन्टरनेट जडान बापत रु.७१८०००।– निकास गरेको पेश विवरणबाट देखिन्छ। पालिका भित्रका विभिन्न ८ विद्यालयहरुको इन्टरनेट खर्चको बिल भरपाई लगायत कुनै प्रमाण पेश नभएकोले ईन्टरनेट जडान भए नभएको यकिन गर्न सकिएन। विद्यालयहरुले इन्टरनेट जडान बापतको रु.१३६०००।- खर्च भएको प्रमाण पेश गर्नुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ४६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,००० |

## ४७ छात्रवृत्ति तर्फ :

४७.१ **छात्रवृत्ति निकासा :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवसीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौचर नं.१६२/२०८१।१२।२१ बाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)-२०८१ को तथ्याङ्कको आधारमा ४७ विद्यालयका कक्षा १-५ का ७१६ जना छात्रालाई प्रतिविद्यार्थी रु.४०० को दरले रु.२८६४००।-, २११ जना दलित छात्रलाई रु.४०० का दरले रु.८४४००।-, अपाङ्ग विद्यार्थीहरुलाई रु.१२००० र लक्षित वर्गलाई रु.५०० का दरले रु.११११०० गरी कुल रु.३९३९००।- अनुदान निकासा गरेको देखिन्छ। पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम कार्यक्रम प्रभावकारिता सहितको अनुगमन गरी सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा नगरेको र छात्रवृत्ति वितरण भरपाई समेत पूर्ण अद्यावधिक गरेको छैन। पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७.२

**प्रमाण पेश गर्नुपर्ने :** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवसीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले छात्रवृत्तिको रकम उपलब्ध गराउदा गैरआवसीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागको आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिनुपर्ने उल्लेख छ। विद्यालयले शैक्षिक सत्र सुरु भएको २ महिना भित्र विद्यार्थीलाई वितरण गरी सक्नुपर्ने तथा विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका देहायका विद्यालयहरुको लेखापरीक्षणको क्रममा छात्रवृत्ति वितरणको भरपाईको प्रमाण पेश नभएकोले वितरण भरपाईको प्रमाण पेश गर्नुपर्दछ अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

| क्रसं | विद्यालयकोनाम | निकासारकम रु. |
|---|---|---|
| १ | श्री रजस्थल मा वि | ४८०० |
| २ | श्री अन्नपूर्ण आ वि | २००० |
| | **जम्मा** | **६८००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८०० |

४७.३ **छात्रवृत्ति रकम निकासा :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२,४००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **स्यानिटरी प्याड तर्फ :**

४८.१ **निकासा :** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० को उपदफा (६) मा स्थानीय तहले IEMIS सँग सत्यापन गरी स्यानिटरी प्याड बापतको रकम सम्बन्धित विद्यालयको खातामा निकासा गर्न सक्ने व्यवस्था छ। पालिकाले भौचर नं.११९/२०८१।११।२० बाट २३ विद्यालयहरुलाई स्यानिटरी प्याड खरिदका लागि रु.१४५८०६०।- निकासा गरेको पेश विवरणबाट देखिन्छ। विद्यालयले स्यानिटरी प्याड खरिद गरी स्यानिटरी प्याडको अवस्था, स्यानिटरी प्याड व्यवस्थापनका कार्यमा भएका कार्यको अनुगमन प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्नेमा पठाएको छैन। स्यानिटरी प्याडका लागि गरिएको निकासाबाट प्याड खरिद भए नभएको, प्याडहरू सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सही प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन गरेको पाइएन। प्याडको सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट नियमित अनुगमन गर्नेतर्फ पालिकाको ध्यान केन्द्रित हुनुपर्दछ।

४८.२ **प्रमाण पेश गर्नुपर्ने :** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को परिच्छेद ३ को दफा ६ को उपदफा १ मा विद्यालयले स्यानिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्नुपर्ने र उपदफा २ मा छात्राहरुको नामनामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. ११९/२०८१।११।२० बाट पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्राहरुका लागि २३ वटा विद्यालयहरुलाई रु.१४५८०६० निकासा गरेको पेश भएको विवरणबाट देखिन्छ। लेखापरीक्षणको क्रममा विद्यालयहरुले खरिद गरेको स्यानिटरी प्याडको अभिलेख जिन्सी खातामा राखे नराखेको साथै छात्राहरुको नामनामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक नगरेकोले प्याड छात्राहरुले पाए नपाएको विश्वस्त हुन सकिएन। देहायका विद्यालयहरुले जिन्सी दाखिला, हालको मौज्दातको अवस्था तथा छात्राहरुले स्यानिटरी प्याड बुझेको भरपाईको प्रमाण पेश गर्नुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ४८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२१,५८० |

४८.३ **स्यानिटरी प्याड खरिद अनुदान:**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३०,४४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **स्वास्थ्य तर्फ :**

यसवर्ष स्वास्थ्य तर्फको विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदान तथा पालिका स्रोतबाट रु.६ करोड ५ लाख ६७ हजार विनियोजन गरी रु.५ करोड ४० लाख ४७ हजार खर्च गरेको देखिन्छ। स्वास्थ्य तर्फ विभिन्न कार्यक्रम रहेकोमा सबै कार्यक्रम सञ्चालन भएको छ । पालिकाले तलबी प्रतिवेदन बेगर तलब भत्ता खर्च, किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डेङ्गु नियन्त्रण, मातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम् सेविका प्रोत्साहन, आमा सुरक्षा, मृगौला प्रत्यारोपण, औषधि खरिद, क्षयरोग नियन्त्रण, आधारभूत स्वास्थ्य

सेवाका लागि औषधि खरिद लगायतका कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिकाको नर्म्स अनुसार कार्यक्रम सञ्चालन गरेको विवरण पेश गरे पनि कार्यक्रमसँग असम्बन्धित पदाधिकारीहरुलाई समेत अनुगमन भत्ता र अन्य उपस्थित भत्ता प्रदान गरेको देखिन्छ। एकै किसिमका कार्यक्रममा एकै ब्यानर राखी विभिन्न कार्यक्रमको फरक फरक ब्यानर खर्च लिएको, विविध खर्चमा आवश्यक अनावश्यक आँकलन नगरेको कारण यथार्थ खर्चको अवस्था आँकलन गर्न सकिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाका नर्म्स अनुसार कार्य सञ्चालन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन्।

४९.१ **औषधि खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा, औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतबाट रु.६९२६६७.० (सर्जिकल सामाग्री खरिद) र संघीय सशर्त तर्फ रु.१६३९००० मातृशिशु कार्यक्रम रु.५८८८३५ समेत कुल रु.२९२०५०२ बजेट विनियोजन भएको छ। पालिकाले विनियोजित रकममध्ये विभिन्न भौचरबाट रु.२२२१३५५ मा खरिद कार्य सम्पन्न गरेको छ। पालिकाले कम्पनीले प्रकाशित मुल्यसुची अनुसार खरिद गरेको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्व स्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ। पालिकाले बोलपत्र मार्फत औषतधि खरिद गरेको पाइयो । खरिद ऐनको प्रावधान बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ।

| **स्रोत** | **गो.भौ./मिति** | **आइम संख्या** | **बजेट** | **खर्च** | **व्यवसायी** |
|---|---|---|---|---|---|
| पालिका | ३९३-०८१।११।२ | १८ | ६९२६६७ | ५३४८५० | बंगलामुखी मेडिसिन सप्लायर्स |
| संघीय सशर्त | २३४-०८२।२।१२<br>१००-०८१।११।२ | १३२ | १६३९००० | १४२२९६६ | बंगलामुखी मेडिसिन सप्लायर्स |
| मातृशिशु | १००-०८१।११।२ | ११ | ५८८८३५ | २६३५३९ | बंगलामुखी मेडिसिन सप्लायर्स |
| | **जम्मा** | | **२९२०५०२** | **२२२१३५५** | |

पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरी औषधि गरेको पाइयो। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात पूर्ण रुपमा यकिन गर्न सकिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४९.२ **खरिद हुने औषधिमा उल्लेख गर्नुपर्ने:** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। तर पालिकाले यसवर्ष खरिद गरेका अधिकांश औषधिको ब्याच नं. र अवधि नभएकाले यकिन गर्न सकिएन। पालिकाले खरिद गरेको सबै औषधि गुणस्तरीय रहेको पूर्ण विश्वस्त हुन सकिएन। पालिकाले म्याद नाघेका/ननाघेका यकिन गर्ने आधार भएन। नमुना छनौटका आधारमा गरिएको परीक्षणमा कुनैपनि खरिदमा ब्याच नं र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, टुक्रा टुक्रा पारी खरिद गरिएको देखिन्छ। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ। पालिकाले ब्याच नं लागायत Expire मिति उल्लेख भए नभएको यकिन गरेरमात्र खरिद गर्नुपर्ने देखिन्छ। निशुल्क वितरण नेपालीमा नलेखी अंग्रेजीमा लेखेको देखिन्छ। पालिकाले औषधि खरिद खुला बोलपत्र मार्फत गर्ने व्यवस्था गर्नुपर्दछ।

४९.३

**औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापन :** औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपूर्ति व्यवस्थापन सम्बन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेकपूर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | औषधिको नाम | २०८०।८१ | | | | २०८१।८२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अ.ल्या. | आम्दानी | खर्च | बाँकी | अ.ल्या. | आम्दानी | खर्च | बाँकी |
| १ | Amoxycillin 500mg Cap | २१३०० | ४०१०० | ४८००० | १३४०० | १३४०० | ५०६०० | ५१९०० | १२१०० |
| २ | Paracetamol 500mg Tab | १२३७४० | ३००००० | २४०१७० | १८३५७० | १८३५७० | १२७००० | २३०५२० | ८०००० |
| ३ | Ciprofloxacin 500mg Tab | १८०० | १०००० | ७१०० | ४७०० | ४७०० | ७००० | १०२०० | १५०० |
| ४ | Cetirizine 10mg Tab | ३९२९० | २५०००० | १४९३५० | १३९९४० | १३९९४० | ७५३०० | १६६७६० | ४८४८० |
| ५ | Zinc sulphate 20 mg | १३७०० | ९५०० | १३२०० | १०००० | १०००० | १८००० | २०००० | ८००० |
| ६ | Ranitidine 150mg Tab | ४८९५० | ३५०००० | १८६८५० | २१२१०० | २१२१०० | १३९३०० | ३३६८५० | १४५५० |

जिङ्क सल्फेट २० एम जी औषधि आर्थिक वर्ष २०८०।८१ मा १३२०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८१।८२ मा २०००० क्यापसुल हस्तान्तरण भई करिब २ गुणा वितरण भएको छ। त्यस्तै रेनिटिडिनको समेत करिब सोही अनुपातमा वृद्धि भएको छ। विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीको प्रयोग पूर्ण रुपमा लागु नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपूर्ति र जिन्सी व्यवस्थापन गर्नुपर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ। पालिकाले अवस्था यकिन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ।

४९.४ **औषधिको म्याद र मौज्दात :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। यसरी खरिद गरिएका औषधिका केही उदाहरणहरु निम्नानुसारका रहेका छन्। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| सि न | औषधिकोनाम | म्याद समाप्त हुने मिति | मौज्दात |
|---|---|---|---|
| १ | Paracetamol 500 mg | Nov 2026 | ८०००० |
| २ | Amoxycillin 250mg | Jan 2027 | ६२०० |
| ३ | Cetrizine 10mg | Jan 2028 | ४८४८० |
| ४ | Amoxycillin 500mg | Feb 2027 | १२१०० |
| ५ | Tab Vitamin Bcomplex | Jun 2026 | १५००० |
| ६ | Tab Calcium+Vitamin D3 | Jun 2026 | १३४०० |
| ७ | Ranitidine 150mg Tab | Dec 2026 | १४५५० |
| ८ | Tab Cotrimoxazole 960mg | Nov 2026 | ४००० |

Gastritis (ADP), Hypertension, URTI, Headache सम्बन्धी औषधि बढी मागमा देखिएको छ। यस्तो समस्याबाट पुरुष भन्दा महिला बढी प्रभावित भएको देखिन्छ। पालिकाको जनस्वास्थ्य व्यवस्थापनलाई प्रभावकारी बनाउने रणनीति तय गरी औषधि पनि सोही

अनुसार खरिद गर्नुपर्दछ।

४९.५ **स्वास्थ्य सामाग्रीमा लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को उपनियम (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ भने उपनियम (२) मा उपनियम (१) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने विभिन्न आधारहरु बारेमा व्यवस्था गरिएको छ। पालिकाले भौचर नम्बर ३३३ मिति २०८२।३।१९ मा उत्तर प्रसुति घरभेट कार्यक्रमको खर्च बापत विभिन्न सामाग्रीहरुको लगायत रु.४२६३९०.० भुक्तानी भएकोमा खरिद भएको सामाग्रीहरुको लागत अनुमान तयार पार्दा लिइएको आधार स्पष्ट हुन आएन। नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद गर्नुपूर्व स्पष्ट आधार सहित लागत अनुमान तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४९.६ **पालिकामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(१) मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्नु स्थानीय तहको काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेको छ। पालिकाले तयार पारेको तथ्याङ्क अनुसार यसवर्ष देखा परेका प्रमुख १० स्वास्थ्य सम्बन्धी समस्याहरु देहाय अनुसार रहेका छन्। पालिकाले औषधि तथा स्वास्थ्य उपकरणहरु खरिद गर्दा सोही समस्याहरुलाई समाधान गर्ने गरी प्राथमिकताको आधारमा खरिद गर्नुपर्दछ।

| SN | ICD Code | Name of Diseases | Female | Male | Total | Ranking |
|---|---|---|---|---|---|---|
| १ | DA42 | Gastritis (APD) | २४१३ | १७१८ | ४२११ | १ |
| २ | BA00 | Hypertension | १९२१ | १८३३ | ३७५४ | २ |
| ३ | CA07.0 | URTI | १३७६ | ९८१ | २३५७ | ३ |
| ४ | CA09.0 | Rhinitis | ११३९ | ९८७ | २१२६ | ४ |
| ५ | MB4D | Headache | १२९७ | ८२० | २११७ | ५ |
| ६ | CA03 | Tonsilitis | ७९१ | ५१७ | १३०८ | ६ |
| ७ | 5A14 | Diabetes | ६१० | ६८५ | १२९५ | ७ |
| ८ | ME84 | Musculoskeletal pain | ६९७ | ५६० | १२५७ | ८ |
| ९ | CA07.0 | Eye problems | ७१२ | ४७७ | ११८९ | ९ |
| १० | ME05.1 | Presumed non infectious diarrhoea | ५४३ | ५०८ | १०५१ | १० |

५० **परामर्श सेवा खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार बोलपत्र, सिलबन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था छ। यसको लेखापरीक्षणबाट निम्न व्यहोरा देखिएका छन :

| क्र.सं. | कार्यक्रमको नाम | कुल खर्च | **हालको अवस्था** |
|---|---|---|---|
| १ | आँधिखोला घाट टेन्डर सम्बन्धी आइई प्रतिवेदन | २०१००० | आय ठेक्काको काम भएको |
| २ | आँधिखोला करिडोर सडक स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय अध्ययन | ४८०००० | आयोजना तयार भएको/काम नभएको |
| ३ | प्रगति- नगर बहाकोट नाम्चे काल्कु सडकको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन | ३४४००० | २०८२/८३ देखी बजेट विनियोजन भई काम सुरु |
| | **जम्मा** | **१०२५०००** | |

यस्तो कार्य गराउँदा लागत अनुमान बमोजिम नै सम्झौता गरी रु.१०२५००० खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा पूर्ण रुपमा लान सकिएको छैन। अत: परामर्श सेवालाई बस्तुनिष्ठ र उपयोगि बनाउनुपर्दछ।

५१ **ठेक्काको पूर्वतयारी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। कार्यालयले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारीका कार्य नगरी ठेक्का लगाएको वा सडक, पुल तथा भवन निर्माण गर्ने पुरानो ठेक्का ८ वटा र नयाँ २३ वटा ठेक्काहरूमा पूर्व तयारीको काम समावेश गरी रू.६१करोड ६८ लाख ९८ हजारको खरिद सम्झौता गरेको देखिन्छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माणको समय पनि पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि भएको छ ।नियमको पूर्ण पालना गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति :**

सार्वजनिक निकायले हरेक योजनाको स्वीकृत म.ले.प.फारमहरूको आधारमा अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ। पालिकामा यस वर्ष सञ्चालन गरेका केही योजनाहरु, गत विगतमा केही भुक्तानी भएका र केही अधुरा समेत रहेका छन। एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अवस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले पुन:क्रमागत बजेट मार्फत योजना सञ्चालन गर्दा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ। परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम देखिन्छ। कार्यालयले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्यावधिक राखी तथा यकिन गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ। पालिकाले यसवर्ष निर्माण कार्यको म.ले.प.फा.न. ५०१ देखि ५१४ सम्मका फारमहरु व्यवस्थापन गरेर नराखेका कारण यथार्थ अवस्था यकिन गर्न सकिएन। निर्माण कार्यको अभिलेख व्यवस्थित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

५३ **ठेक्काको म्याद थप :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ। खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अद्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्वजानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिनअघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन्। उक्त व्यवस्थाको सट्टा खरिद ऐनको उक्त व्यवस्था विपरित सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं देखि १३ औं संशोधनको व्यवस्थाको प्रयोग गरी सम्झौता बाहेकका कारणहरु देखाइ एकमुष्ठ रुपले पटक पटक म्याद थप गरेको छ। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः पटक पटक म्याद थप पनि गर्ने गरेको छ। विभिन्न ठेक्काहरुमा निर्माण व्यवसायीलाई पटक पटक सम्झौता अनुसारका न्यूनतम प्रकृया पूरा नगरी म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नभएका कारण ठेक्काहरुको म्याद बढ्दै गई अधुरा ठेक्काहरुको संख्या बढेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ। कार्य योजना अनुसार कार्य नगर्ने व्यवसायी र पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

५४ **ठेक्का सम्झौताको पालना :**

खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ। पालिकाले ५७७ कामका लागि रु.५९४३९८००० ठेक्का सम्झौताको काम गराउदा संयुक्त उपक्रमका सबै साझेदार काममा सहभागी नभएको, बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी

गरेको, मोबिलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यवसायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ। यसबाट ठेक्काको समय र लागत बढ्न जान्छ। ठेक्का सम्झौतानुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वयनमा आएका छैनन्। अत: सम्झौतामा उल्लिखित प्रावधानहरू कार्यान्वियन गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

५५ **सोझै खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढङ्गले खरिद गर्नुपर्ने र एकमुष्ठ बजेटलाई टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्नेमा पालिकाले वस्तु तथा सेवा खरिदको लागि रु.८४३३६५ लागत अनुमानका रु.१० लाख भित्रका २ वटा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा प्रतिष्पर्धा बेगर सोझै खरिद गराइ रु.६९६३७५ भुक्तानी दिएको छ। यसैगरी पालिकाले निर्माणकार्यको खरिदमा रु.३३६९८०० लागत अनुमानका रु. १० लाख भित्रका ७ वटा टुक्रा पारी लागत अनुमान भन्दा केही कममा प्रतिस्पर्धा बेगर सोझै खरिद गराई रु.२२०३७३७ सम्झौता गरी रु.२१५९४२९ भुक्तानी दिएको छ। एउटै निर्माण व्यवसायीवाट एकै वर्षमा एकपटक भन्दा बढी काम समेत गराएको छ। उक्त कानूनी व्यवस्था अनुसार प्रतिष्पर्धात्मक रुपले खरिद कार्य गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५६ **कार्य सञ्चालन तथा अन्य कोष :**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख छ। पालिकाले यो वर्ष ६ प्रकारका विविध कोषमा गतवर्षबाट जिम्मेवारी सारेको रु.८२२७८८६ सहित रु.१३०९२०८४ आय र रु.१२९५३२५४ खर्च गरी रु.८३६६७१५.८३ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| १. | विविध कोष | - | ३०१०४४०.५७ | २००००० | ८३७७६० | २३७२६८०.५७ |
| | विविध कोष खाता i) लैगिक हिंसा पीडित महिला राहत तथा उद्धार कोष ) | साविक नगरपालिका देखि नै निरन्तर | ३००००० | १००००० | - | ४००००० |
| | विविध कोष खाताii) बाल कल्याण कोष | लैगिक हिंसा निवारण कोषसम्बन्धी कार्यविधि अनुसार | १००००० | १००००० | - | २००००० |
| | विविध कोष खाताiii) कर्मचारी कल्याण कोष | बाल संरक्षण सम्बन्धी एकीकृत कार्यविधि अनुसार | ४६८३१.७५ | - | - | ४६८३१.७५ |
| | विविध कोष खाताiv)मर्मत सम्भार कोष | - | २५६३६०८.८२ | - | ८३७७६० | १७२५८४८.८२ |
| २. | प्रकोप व्यवस्थापन कोष | मलेनिकाको निर्देशनअनुसार | १९५७००५.२६ | १५७७०६४ | १४७५०३४ | २०५९०३५.२६ |
| ३. | विविध खर्च खाता | मलेनिकाको निर्देशन अनुसार | ३२६०४४० | ११३१५०२० | १०६४०४६०.८३ | ३९३५००० |
| | **जम्मा** | | **८२२७८८६** | **१३०९२०८४** | **१२९५३२५४** | **८३६६७१५.८३** |

५७ **सिलबन्दी दरभाउपत्रबाट खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार रु.१० लाख भन्दा बढी रु.२० लाखसम्म खरिद वा निर्माण कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्न सकिने व्यवस्था भए पनि एकमुष्ठ बजेट वा कार्यक्रम भएका आयोजनाहरुको बजेट टुक्रा पारी सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउन नमिल्ने र बोलपत्रको माध्यमबाट गराउनु पर्ने व्यवस्था छ। पालिकाले विभिन्न आयोजना/ कार्यक्रमको बजेट टुक्रा पारी सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउँदा पर्याप्त प्रतिष्पर्धा हुन नसकेको, साना साना टुक्रे कामहरुको गुणस्तर नियन्त्रण पक्ष कमजोर रहेको र उक्त कानूनी व्यवस्था पालना हुन नसकेकोले उक्त कानूनी व्यवस्थाको पालना गरी काम गराउनुपर्दछ।

५८ **सम्भाव्यता अध्ययन/डी.पी.आर :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा र डिपिआर कार्यमा रु.५००००० विनियोजन भएकोमा रु.४८०००० खर्च गरेको छ। यसरी सम्भाव्यता अध्ययन गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता सम्भाव्यता अध्ययनको तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा संघ र प्रदेश सरकारसँग पहल भईरहेको जनाएको छ। पालिकाले बजेट विनियोजन गरी कार्यान्वयनमा लानुपर्दछ। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनुपर्दछ।

| रु. हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत | कैफियत |
| १ | मायाटारी पोखरीचौर सडक तथा लामिछानेमोड धिम्री गाउँ पेल्काचौर सडक खण्डको डिपिआर | डेल्कन इन्टरनेसनल प्रा.लि. | ५०० | ४८० | १६५६१५ | कार्यान्वयनमा गएको |

५९ **कार्यस्वीकार/कार्यसम्पन्न प्रतिवेदन :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा निर्माण व्यवसायीबाट कार्यस्वीकार प्रतिवेदन लिनुपर्ने र नियम १२५ अनुसार ३० दिन भित्र एज बिल्ट नक्सा लिनुपर्ने र नियम ११५(१क) अनुसार त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्यको त्रुटि सच्याउने दायित्व नखुलाई कार्य सम्पन्न भएपछि कार्यस्वीकार प्रतिवेदन तयार गरेको छ। नियमानुसार कार्यस्वीकार प्रतिवेदन तथा एज बिल्ट नक्सा लिने एवं निर्माण व्यवसायीबाट त्रुटि सच्याउने दायित्वको अवधिभित्र त्रुटि सच्याउने दायित्व नरहेको सुनिश्चित हुने अभिलेख तयार गरी कार्यसम्पन्न प्रतिवेदन जारी हुनुपर्दछ।

६० **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्यसम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। पालिकाले यस वर्षको ठेक्का व्यवस्था भएको ठेक्का कार्यको अभिलेख राखेको देखिन्छ। यस कार्यलाई निरन्तरता दिनुपर्दछ।

६१ **गुरुयोजना र खरिद योजना :**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले सम्पादन गरेको रु.१००८७८८३२८ को कार्य सम्पूर्णको एकीकृत रुपमा खरिदको गुरुयोजना तयार गरी लागु गरेको देखिएन। रु. १ लाख भन्दा कमको योजना ८५, रु. १ लाखदेखि ५ लाख सम्मको योजना ३९३, ५० लाख भन्दा माथिका ११ योजना रहेको र योजनाहरु स-साना र छरिएर रहेको देखिन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार ५७७ योजनामा ५ प्रकारका खरिद प्रकृयाको आधारमा कार्य गराएको उल्लेख छ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ८५ | ३८३२ |
| २ | रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना | ३९३ | ७८७८२ |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | ५८ | २५४०० |
| ४ | रु.10 लाखदेखि ५० लाख सम्मका योजना | ३० | ४५६३८ |
| ५ | रु.५० लाख भन्दा माथिका | ११ | ४३५३६४ |
| | **जम्मा** | **५७७** | **५८९०१६** |

खरिदको गुरुयोजना स्वीकृत गरी सोही आधारमा वार्षिक खरिद योजना तयार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

६२ **पूँजीगत खर्चको स्थिति :**

पालिकाको कुल पुँजीगत खर्चको विश्लेषण गर्दा देहाय अनुसारको ५७७ वटा खरिदबाट रकम रु.१००८७८८३२८ बराबरको खर्च भएको विवरण पेश भएको छ। सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७ मा लाभग्राहीबाट काम गराउन सकिने प्रावधान

अनुसार रु.२१२५५५५७ को काम २ प्रतिशत उपभोक्ता समिति तथा लाभग्राहीबाट गराएको छ भने बाँकी काम खुला बोलपत्र १२९ वटाको ८६ प्रतिशत प्रतिस्पर्धाको माध्यमबाट गराएको छ। उपभोक्ता समितिबाट काम गराउँदा प्रतिस्पर्धा नहुने, गुणस्तर परीक्षण नहुने हुनाले गुणस्तरीय काम भए नभएको सम्बन्धमा आश्वस्त हुन नसकिने भएकोले उपभोक्ता समितिमार्फत काम कम गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्र.सं. | उपशीर्षकको नाम | खरिद विधि | खर्च |
|---|---|---|---|
| १ | पुतलीबजार नगरपालिका | खुलाबोलपत्र | ४५८९७० |
| २ | पुतलीबजार नगरपालिका | सिलबन्दीदरभाउपत्र | ५७५० |
| ३ | पुतलीबजार नगरपालिका | उपभोक्ता समिति वा लाभग्राही समुदाय | १२७९०७ |
| ४ | पुतलीबजार नगरपालिका | कन्टिन्जेन्सी | १७७१ |

६३ **अधुरो ठेक्का :**

ठेक्का अवधिभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी यस योजना/कार्यालयका तपसिलका ३ वटा ठेक्काको भुक्तानी रु.८४८४६७३ (४१ प्रतिशत) भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरुले कार्यतालिका र सम्झौता अनुसार काम नगर्ने वा बीचमा कार्य छाडने गरेको कारण ठेक्काहरु अधुरा भएका छन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोडने, कार्यसम्पादन जमानी प्राप्ति गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ अनुसार खरिद सम्झौताको आधारमा म्याद थप गर्नु पर्नेमा त्यस विपरित पटक पटक खरिद नियमावली संशोधन गरी पटक पटक म्याद थप गरेको र यस योजना/कार्यालयले खरिद सम्झौताका ती व्यवस्थाहरुको कार्यान्वियन नगरेको कारण काम अधुरा रहने ठेक्काहरुको संख्या र समायावधि बढ्दै गएको देखिन्छ। यस्ता आयोजनाको समयमा नै कार्यतालिका बमोजिम काम गर्नुपर्दछ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्षसम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | Construction of Taapu Irrigation Project (second phase) | **Sauraj Saugat Nirman Sewa** | २०८१/१०/२७ | २०८२/०६/३० | २२८८३९८.२३ | ३५ |
| २ | **Fohor maila kendra jane pahuch marga nirman** | **Gaurav Builders** | २०८१/१०/१३ | २०८२/०६/३० | २८३२१५१.०७ | ५० |
| ३ | **Syangja Jilla Putalibazar na.pa.ward no.13 antargat siddhartha rajmarga sanga jodiyeko GI.PI. marga antargat sumrekhola pul ko mukh lampata torikhola ringdi pul beshi baanshbari bodikhola kaule hudai parbat jilla jodne sadak starunnati.** | **Sitaladevi Nirman Sewa** | २०८१/०६/२९ | २०८२/०६/३० | ३३६४१२३.०४ | ३९ |
| | | | | जम्मा | ८४८४६७२।३४ | ४१ |

६४ **खरिद अभिलेखको कार्यान्वयन अवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ तथा सार्वजनिक खरिद नियमावलीऽ २०६४ को नियम १६ अनुसार खरिद सम्बन्धी अभिलेख राख्ने समेत कार्यका लागि खरिद शाखा इकाई प्रमुखलाइ जिम्मेवार तोक्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार खरिद इकाइ गठन गरेता पनि सो इकाइबाट उक्त कार्यको अद्यावधिक अभिलेख राखेको देखिएन। नियमको पालना हुनुपर्दछ।

६५ **कन्टिजेन्सी खर्च :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची १ को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ। उक्त लागत अनुमानमा वर्कचार्ज, स्टाफ खर्च ०.३२ प्रतिशत र सानातिना अन्य खर्च के कति भयो विवरण प्राप्त हुन सकेन। यस्तो खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष देहायनुसार कन्टिजेन्सी खर्च गरेको विवरण पेश भएको छ।

| क्र.सं | कार्यक्रमको नाम | लागत अनुमान | कन्टेन्जेन्सी खर्च | | कन्टेन्जेन्सी खर्च शीर्षकगत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको | मस्टरोल | मर्मत ईन्धन | कार्यालय संचालन अनुगमन | अन्य |
| १ | पालिकाको विभिन्न आयोजना | ५५८७८८ | ४७३ | १७९२ | - | - | - | - |

पालिकाले पेश गरेको विवरण अनुसार रु.२२६५००० कन्टिजेन्सी खर्च गरेको छ। जुन कुल पुँजीगत खर्चको ०.८३ प्रतिशत रहेको छ। पालिकाबाट यसवर्ष कुल ५७७ वटा कार्यक्रममध्ये ठेक्का ३८ वटा र उपभोक्ता समिति तथा सिलबन्दी दरभाउपत्रबाट सम्पादन भएका छन। यस्ता वर्कचार्ज स्टाफ कुन साइडमा खटाउने हो सोको जानकारी दिने पत्र पालिकाले जारी गरेको देखिदैन। पालिकाबाट सम्पादित कार्यको पुस र माघ महिनामा सुरुवात भई अधिकांश उपभोक्ता समितिसँग बैशाख, जेठ र आषाढमा सम्झौता भएको देखिन्छ। पालिकाले कुन साइडमा कति जनशक्ती लाग्ने हो सोको विवरण तयार पारी प्राविधिकलाई जिम्मेवारी दिएको प्रमाण राखेको छैन। यस्तो कार्यमा सुधार हुनुपर्दछ।

## ६६ उपभोक्ता समिति तर्फ :

६६.१ **उपभोक्ता समितिबाट कार्य :** पालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन। लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको विवरण अनुसार गत विगत र यो वर्षमा शुरुवात भई ग्राभेल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पुर्ने लगायतका कार्यको लागि रु.१ लाखभन्दा कमको योजना ८५, रु.१ लाख एकदेखि ५ लाख सम्मका योजना ३९३ लगायतको गरी ५५२ वटा योजनाहरुको रु. १४ करोड ६ लाख ९७ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसँग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.१२ करोड ७९ लाख ०७ हजारको कार्य भएको देखिएकोमा छ। यस वर्ष सशर्त बाहेक पालिका पुँजीगत खर्च रु.१६ करोड २९ लाख ५३ हजार मध्ये उपभोक्ताबाट ८७ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ। जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन्।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम रु हजारमा** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ८५ | ३८३२ |
| २ | रु. १ लाख देखि पाँच लाख सम्मका योजना | ३९३ | ७८७८२ |
| ३ | रु.५ लाख देखि १० लाख सम्मका योजना | ५१ | २३२४१ |
| ४ | रु.10 लाख देखि ५० लाख सम्मका योजना | २३ | २२०५२ |
| ५ | रु.५० लाख भन्दा माथिका | - | - |
| | **जम्मा** | ५५२ | १२७९०७ |

६६.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशिनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारबाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशिनरी उपकरणको प्रयोग गरेमा कारबाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले

सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन्। त्यसैगरी कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीयस्तरमा कार्यसम्पन्न गर्नसक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढाँचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन। उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनुपर्दछ।

६६.३ **भुक्तानीको सिफारिस :** उपभोक्ता समिति मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिन्छ। योजनाहरुमा सम्बन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो। उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनुभन्दा पहिले, काम हुँदैगर्दा र कार्यसम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरी फोटा राख्ने गरेको देखिन्छ। सम्बन्धित वडाले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी लेखेको देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिन्छ। तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको स्पष्ट देखिने गरी सिफारिस गर्नुपर्दछ।

६६.४ **कामको नाँपजाँच र हस्तान्तरण :** योजनाहरुको नापी किताबमा सबै प्राविधिक कर्मचारीको हस्ताक्षर देखिएन भने कतिपय योजनामा एक जना प्राविधिकको मात्र हस्ताक्षर नापीकिताब, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो। जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो। सम्झौता अनुसार कम कार्यगर्दा पनि कार्य सम्पन्न/कार्यस्वीकार प्रतिवेदन जारी गरेको छ। लागत अनुमानमा भएको कंक्रिटजन्य कार्य कम गर्ने र माटो पुर्ने खन्ने कार्य पूरा गर्ने गरेको देखियो। सजिलो काम गर्ने र सिमेन्ट छड लगाउने कार्य कम गर्दा पनि पालिकाले भुक्तानी गरेको छ। यसबाट उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मूल्याङ्कन सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन। योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन। पालिकाले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको यकिन गर्न सकिएन। पालिकाले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ।

६६.५ **जनसहभागिता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नपाइने व्यवस्था छ। पालिकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम व्यहोर्ने गरी सम्झौता गरेको देखियो। उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ। कामको प्रकृति, प्राविधिक बिल, उपभोक्ता समितिबाट खर्च भएका बिल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने यकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ।

६६.६ **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले ग्राभेल निर्माण कार्य, ढलान कार्य, मन्दिर सौन्दर्यकरण, माटो पुर्ने कार्य गरेको छ। यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन। केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ। परीक्षण गरेको भौचर नं. १०३, १०५, १०९, ११०, ३१६ र ३२६ का श्रेस्तामा खर्च सार्वजनिकीकरण गरेको छैन। कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

६६.७ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सक्ने अवस्था देखिएन। समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन। एउटै स्थानमा पर्ने फरक फरक निर्माण कार्यको लागि समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ। एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्बन्धमा समेत यकिन हुने आधार देखिएन। पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ।

६६.८ **जटिलसंरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले गरेका निर्माण कार्यहरु मध्ये अधिकांश निर्माण कार्य ग्राभल निर्माण कार्य, ढलान कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।

## ६७ संघीय सरकारको समपुरक अनुदान

६७.१ संघीय सरकारबाट प्राप्त समपुरक अनुदान समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा ६ अनुसार प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशत रकम अनुदान प्रदान गर्न सक्ने उल्लेख छ। संघीय समपूरक अनुदान प्राप्त भएको कार्यक्रमको विवरण व्यहोरा निम्नानुसार रहेको छ।

| कार्यक्रमको नाम | लागत अनुमान | सम्झौता रकम | हालसम्मको भुक्तानी | संघीय समपूरक अनुदान | पालिका साझेदारी |
|---|---|---|---|---|---|
| टापु सिंचाइ योजना | १९५०३७६४.४७ | १४९७२९१७.०१ | १३७४७२९३.५७ | ५० प्रतिशत | ५० प्रतिशत |
| पुतलीखेत आरुचौर ( पुतलीखेत सतौं आमडाँडा वैदी सडक) | १२३३३४९७८.०५ | ९७२८४७११.६७ | ९५०६७३८२.० | ५० प्रतिशत | ५० प्रतिशत |

६७.२ **लागत साझेदारी भुक्तानी :** संघीय समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा ६ अनुसार स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्नसक्ने उल्लेख छ। संघीय समपुरकबाट प्राप्त बजेट र पालिकाको बजेटबाट वडा कार्यालयहरु भवन निर्माण भएकोमा भुक्तानी टेबलमा रहेको छ। समपूरक अनुदानमा सञ्चालित योजनाहरुको भुक्तानी अभिलेख राखी कार्यविधि अनुसार पालिकाको योगदान भुक्तानी भएको सुनिश्चित हुने अभिलेख राख्नुपर्दछ। यसवर्षबाट बाँकी कार्यको भुक्तानी हुँदा कार्यविधि अनुसार साझेदारी कायम हुनुपर्दछ ।

## ६८ ठेक्का नम्बरः 05/PM/NCB/Works/079-80 Construction of Tapu Sinchai Yojana :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावली, २०६४ को नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्यसम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता

गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । पालिका अन्तर्गत ठेक्का नम्बरः 05/PM/NCB/Works/079-80 Construction of Tapu Sinchai Yojana निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी पि.एस. विकेन्द्र वृहस्पति जे.भि. बीच कबोल अंक रु. १४९७२९१७ (मू.अ.कर समेत) को मिति २०८१।८।३० मा काम सम्पन्न गर्नेगरी मिति २०८०।०३।२५ मा सम्झौता भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

६८.१ **कार्यसम्पादन जमानत :** सम्झौतामा The Performance Security shall be provided to the Employer no later than the date specified in the Letter of Acceptance and shall be issued in an amount specified in the SCC, by a 'A' class commercial bank acceptable to the Employer, and denominated in Nepalese Rupees. The Performance Security shall be valid until a date 30 days from the date of issue of the Defect Liability Certificate in the case of a bank guarantee. रहेकोमा मिति २०८१।०८।३० मा काम सम्पन्न गर्नुपर्ने गरी म्याद थप भएकोमा कार्यसम्पादन जमानतको मिति २०८२।१०।२९ सम्म रहेको देखिन्छ ।

६८.२ **अद्यावधिक कार्यतालिका :** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 20 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्वीकृत गराएको प्रमाण पेश भएन। यसैगरी, SCC को GCC 34.4 मा The period between program updates is 30 days. The amount to be withheld for late submission of an updated program is 20000 रहेकोमा सबै रकम भुक्तानी हुँदासम्म अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौता अनुसार कार्यतालिका पेश गरी कार्यसम्पन्न गर्नुपर्दछ।

६८.३ **पेश्की घटी कट्टी :** SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ। पालिका गो.भौ.नं. १३/२०८०।०६।१० बाट रु.१३२५००० र गो.भौ.नं. ४१/२०८०।८।२९ बाट रु.१३२५००० गरी रु.२६५०००० पेश्की दिएकोमा हालसम्म पहिलो रनिङ्ग बिलबाट गो.भौ.नं. १२७/२०८०।१०।२१ मा रु.२८८२४१४ मध्ये पेश्की फछर्यौट रु.२६००००, दोस्रो रनिङ्ग बिल गो.भौ.नं. ५१/२०८१।०२।०६ बाट रु.३०७४२७० मध्ये रु.२३९०००० पेश्की फछर्यौट गरेको छ र अन्तिम बिल भुक्तानी गर्दा गो.भौ.नं. २७/२०८१।०९।२२ मा रु.२१०८५४३ भुक्तानी गरेको देखिन्छ। उक्त भुक्तानी गर्दासम्म पेश्की कट्टा गरेको दिएको विवरणबाट देखिन्छ। सम्झौता अनुसार सम्झौता अङ्कको ३० प्रतिशत र ४० प्रतिशतलले हुने पेश्की कट्टा गर्नुपर्ने गरी नियमको पालना गर्नुपर्दछ।

६८.४ **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था रहेको छ। यस निर्माण कार्यको म्याद पालिकाले टिप्पणी र कार्यपालिकाको निर्णयबाट २०८१।०३।२५ देखि २०८१।०६।३० र दोस्रो पटक मिति २०८१।०८।३० सम्म फेरी २०८१।१०।१५ देखि २०८१।११।२१ गरी पाँचौ पटक २०८१।११।२० सम्म म्याद भएको देखियो। जेष्ठ महिनामा किसानमा काम हुने काम गर्दा Disturb हुने लगायतका कारण उल्लेख गरी म्याद थप गरेको भएतापनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन। अद्यावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरबाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ।

६८.५ **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ। उक्त बीमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८२।०९।२९ रहेकोमा त्रुटि सच्याउने दायित्व २०८२।१०।२९ सम्म रहने हुदा बीमा अवधि २०८१।३।३१ सम्म मात्र रहेको देखियो। म्याद थप गर्दा बीमा गरेको पाइएन। सो सम्बन्धमा पालिकाले मिति २०८१।०५।२५ मा पत्राचार गरेको पाइन्छ। कानूनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बीमा गराउनुपर्दछ।

६९ **ठेक्का नम्बरः 02/PM/NCB/Works/081/82 बाँडखोला नँयाबजार तनँहु सडकको चम्पापानी खण्डको सडक सुधारको कार्य :**

निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी लाखे विल्डर्स प्रा.लि. बीच लागत अनुमान रु.१२००००००० मा कबोल अङ्क रु.११६२८५३८.१० (मू.अ.कर समेत) को मिति २०८१।१२।३१ मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०६।१४ मा सम्झौता भएको छ। उक्त निर्माण कार्यको हालसम्मको भुक्तानी रु.११२८२८१५ भएको छ। कानूनमा तथा सम्झौतामा व्यवस्था अनुसार त्रुटि सच्चाउने दायित्वको अवधिसम्मको Performance Guarantee र Insurance गराउनुपर्दछ। कानून तथा सम्झौतामा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ।

७० **ठेक्का नम्बरः CONID-NP-DUDBC-396312-CW-RFB Upgrading of Pragatinagar-Bahakot-Kalki Road :**
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ति भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानत प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन्। पालिका अन्तर्गत ठे.नं. CONID-NP-DUDBC-396312-CW-RFB Upgrading of Pragatinagar-Bahakot-Kalki Road निर्माणकार्यको लागि पालिका र निर्माण व्यवसायी लामा कन्ट्रक्सन प्रा.लि. बीच कबोल अंक रु ४००३८९०६८.७८ (मू.अ.कर समेत) को मिति २०८२।४।२४ मा काम सम्पन्न गर्नेगरी मिति २०८१।४।२० मा सम्झौता भएको छ। म्याद थप नभएको तथा भेरिएशन रकम रु.४६०३८९०६९.७८ भई हालसम्मको खर्च रु.४३९६४१८७४ भुक्तानी भई कार्यसम्पन्न भएको छ। यो विश्व बैंकको सहयोगमा निर्माण गरिएको हो। १५ महिनाको समय सीमामा नै कार्यसम्पन्न भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

७०.१ **कार्यसम्पादन जमानत :** खरिद सम्झौतामा The Performance Security shall be provided to the Employer no later than the date specified in the Letter of Acceptance and shall be issued in an amount specified in the SCC, by a ‘A’ class commercial bank acceptable to the Employer, and denominated in Nepalese Rupees. The Performance Security shall be valid until a date 30 days from the date of issue of the Defect Liability Certificate in the case of a bank guarantee रहेकोमा यस निर्माण कार्यको मिति २०८२।३।२४ मा काम सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा कार्यसम्पादन जमानतको मिति २०८३।५।१४ सम्म रहेको देखिन्छ।

७०.२ **अद्यावधिक कार्यतालिका :** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 15 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन। यसैगरी, SCC को GCC 34.4 मा The period between program updates is 30 days. The amount to be withheld for late submission of an updated program is NA रहेकोमा अन्तिम भुक्तानी हुदासम्म अद्यावधिक कार्यतालिका पेश गरेको देखिदैंन। सम्झौताको पूर्ण पालना गर्नुपर्दछ।

७०.३ **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ। उक्त बीमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म हनुपर्ने उल्लेख छ। बीमाको अवधि मिति २०८३।१।८ रहेको देखिन्छ। कानूनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बीमा गराउनुपर्दछ।

७१ **जि पि मार्ग अन्तर्गत :03/PM/NCB/WOR/KS/081/082 Sumre Khola Poll Sadak :**
पालिकाले 03/PM/NCB/WOR/KS/081/082 Sumre Khola Pull Sadak २०८१।१२।३१ सम्म निर्माण सम्पन्न गरिसक्ने गरी Sitala Devi Nirman Sewa Putalibazar 10 Syangja सँग २०८१।६।२९ मा लागत अनुमान रु७००००००० मा रू.५१५६९९५.२० (मु.अ.कर सहित) को सम्झौता गरेको देखिन्छ। हालसम्मको भुक्तानी रु.३३६४१२३ भएकोमा ६५ प्रतिशत भौतिक र ६५ प्रतिशत वित्तीय प्रगति भएको अवस्था छ। म्याद थप भई मिति २०८२।६।३१ सम्म कायम भएको छ। निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

७१.१

**निर्माण कार्यतालिकाः** निर्माण व्यवसायीसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायीले प्रत्येक ६० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रु.१ लाख रोक्का राख्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम प्रत्येक ६० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन। सम्झौताको शर्त बमोजिम रु.१ लाख रोक्का राख्नुपर्ने देखिन्छ। कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने देखिन्छ।

७१.२ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था रहेको छ। यस निर्माण कार्यको म्याद कार्यालयले एकमुष्ट मिति २०८२।६।३१ सम्म थप भएको देखियो। जग्गा विवाद, वर्षा, क्रसरबन्द लगायतका कारण उल्लेख गरी म्याद थप गरेको भएतापनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन। अद्यावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरबाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ।

७१.३ **बीमा तथा कार्यसम्पन्न जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ। उक्त बीमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माणकार्यको कार्यसम्पन्न हुने समय २०८१।१२।३१ रहेकोमा त्रुटि सच्याउने दायित्व २०८३।१।३० सम्म रहने हुँदा बीमा अवधि २०८१।१०।६ सम्म मात्र रहेको देखियो। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बीमा गराउनुपर्दछ। सम्झौता भएकोमा कार्यसम्पादन जमानतको २०८३।१।३१ सम्म रहेको देखिन्छ। उक्त अवधिसम्म कार्यसम्पन्न जमानत त्रुटी सच्याउने अवधिसम्म राख्ननुपर्दछ।

## ७२ केन्द्रीय अनुदानबाट खर्च र आन्तरिक आयको तुलनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च रु. | आन्तरिक आय रु. | केन्द्रीय खर्चको तुलनामा आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७७३२९०४३९ | ५७५४३२५४ | ७.४४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.७४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

## ७३ राजश्व सङ्कलन निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन। पालिकामा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानूनी प्रकृया पूरा गरी समयमै दाखिला भएको पहिचान गर्ने गरी प्रकृयामा सुधार गर्नुपर्दछ।

## ७४ राजश्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी

आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको विश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । यसवर्ष पालिकाको राजश्व परामर्श समितिको ३ वटा बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत: नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पूरा गर्नुपर्दछ ।

## ७५ व्यवसाय कर

पालिकाको आर्थिक ऐन २०८१ को दफा ३ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यावसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची २ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ भन्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार हालसम्म व्यवसाय दर्ता गरेका करदाताहरु ३२७१ जना रहेकोमा यसवर्ष ३२० व्यवसाय लगतकट्टा भएका छन् भने व्यवसाय नवीकरण गर्ने करदाताहरु ८९२ जनामात्र रहेको देखियो। यसवर्ष २०५९ करदाताहरु व्यवसाय नवीकरण गर्न नआएको देखिन्छ। नवीकरण बापत प्राप्त हुनुपर्ने राजश्व पालिकाले प्राप्त गर्न नसकेको हुँदा आवश्यक अनुगमन साथै करदाता शिक्षा वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै व्यावसाय नवीकरण कार्यलाई प्रोत्साहित गर्नुपर्दछ।

## ७६ राजश्व लक्ष्य र सङ्कलनको अवस्था

पालिकाको आर्थिक वर्ष ०८१।८२ मा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक ऐन, २०८१ तयार पारी राजश्व सङ्कलन गरेको देखिन्छ। पालिकाको विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्था देहाय अनुसारको रहेको छ।

रकम रु. हजारमा

| आर्थिक वर्ष ०७९।८० | | | आर्थिक वर्ष ०८०।८१ | | | आर्थिक वर्ष ०८१।८२ | | |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % |
| २४६४२ | ४६३२१ | १८७.९८ | ३६४०२ | ७०७५५ | १९४.३७ | ३३२११ | ५७५४३ | १७३.२६ |

विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्थालाई हेर्दा लक्ष्यको तुलनामा सङ्कलन आर्थिक वर्ष ०७९।८० मा १८७.९८ प्रतिशत, ०८०।८१ मा १९४.३७ प्रतिशत र ०८१।८२ मा १७३.२६ प्रतिशत रहेको देखियो। पालिकाले आफ्नो वास्तविक क्षमताभन्दा कम हुनेगरी राजश्व लक्ष्य निर्धारण गरेको देखिन्छ। आगामी वर्षहरुमा पालिकाले आफ्नो राजश्व लक्ष्य वृद्धि गरी अझ बढी राजश्व सङ्कलन गर्नेतर्फ आवश्यक ध्यान दिनुपर्दछ।

## ७७ घ वर्गको निर्माण व्यावसाय दर्ता र नवीकरण

पालिकाको आर्थिक ऐन, २०८१ को दफा ३ मा व्यवसाय कर सम्बन्धी व्यवस्था रहेको छ भने अनुसूची २ को सि.न. ४५ मा निर्माण व्यवसाय दर्ता तथा नवीकरणको सम्बन्धमा विभिन्न शुल्कहरुको बारेमा व्यवस्था छ। पालिकाको उपलब्ध गराएको तथ्याङ्क अनुसार ५४ वटा घ वर्गको निर्माण व्यवसाय दर्ता भएकोमा ४० व्यवसायीहरुले तोकिएको समयमा नै नियमित नवीकरण गरिरहेको भएता पनि १४ व्यवसायीहरुले नवीकरण गर्न बाँकी रहेको देखिन्छ। तोकिएको समयमा नै नवीकरण बापत लाग्ने रकम दाखिला गर्न लगाई पालिकाको आन्तरिक आम्दानी वृद्धिमा ध्यान दिनुपर्दछ।

## ७८ डोजर सञ्चालनबाट आम्दानी

पालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची २ को सि.न. ५४ मा डोजर भाडामा प्रतिदिन इन्धन सहित/रहित प्रचलित जिल्ला दररेट अनुसार र यस नगरबाट स्वीकृत योजना भएमा उक्त दररेटमा रु.२००.० कममा सञ्चालन गरिने व्यवस्था छ। पालिकामा १ वटा डोजर सञ्चालनमा रहेको छ। पालिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार यसवर्ष डोजर सञ्चालनबाट रु.५३९००. आम्दानी प्राप्त गरेको छ। डोजर सञ्चालनको छुट्टै अभिलेख नराखेको हुँदा यसबाट प्राप्त हुनुपर्ने वास्तविक आम्दानी बारेमा यकिन गर्न सकिएन। व्यवस्थित अभिलेख राखी डोजर सञ्चालनको कार्यलाई निरन्तरता दिनुपर्दछ।

## ७९ आन्तरिक आयको विश्लेषण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सम्पत्ति कर र भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, वहाल विटौरी लगायत शुल्क उठाउने व्यवस्था छ। ती आय शीर्षकमा गत तीन वर्षको सङ्कलनको स्थिति निम्न छन्।

| क्र.स. | आम्दानी शीर्षक | आर्थिक वर्ष अनुसार सङ्कलन रु. | | |
|---|---|---|---|---|
| | | ०७९।८० | ०८०।८१ | ०८१।८२ |
| १ | सम्पत्ति कर | ४९६७८७२ | ५४२८५६९ | ११९७३७३ |
| २ | भूमिकर/मालपोत | १८३० | ९९५९८ | ५१०३४७७ |
| ३ | वहाल कर | ३३४६२५३ | ४५१७२५७ | ४४४१७१५ |
| ४ | नक्सापास दस्तुर | २३७३३४१ | ३१५५९०५ | ५२२०७४४ |
| ५ | अन्य आय | ३५६३२४५४ | ५७५५४४०६ | ४०८५९९४५ |
| | जम्मा | ४६३२१७५० | ७०७५५७३५ | ५७५४३२५४ |

## ८० नदीजन्य पदार्थबाट आम्दानी

पालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ मा प्राकृतिक श्रोत साधन बिक्री कर सम्बन्धमा अनुसूची २ बमोजिम कर सङ्कलन गरिने व्यवस्था छ। पालिकाले यसवर्ष विद्युतीय माध्यमबाट प्रस्ताव सङ्कलन गरी मूल्य बढाबढको आधारमा प्रतिस्पर्धा गराई विभिन्न ४ वटा नाकाबाट ४७३७४ घनमिटर नदीजन्य पदार्थ बिक्री गरेको छ। जसबाट पालिकाले ढिला राजश्व बुझाए बापतको जरिवाना समेत गरी रु.१८९०९०८५.२४ आम्दानी प्राप्त गरेको छ। सम्झौतामा उल्लेख भएभन्दा बढी सङ्कलन हुन सक्ने सम्भावनालाई निराकरण गर्न सम्बन्धित नाकामा नै पालिकाको कर्मचारीबाट दैनिक दरपिठ गर्ने व्यवस्था नगरिएको हुँदा तोकिए बमोजिमको परिमाणमा नै नदीजन्य पदार्थ सङ्कलन भए नभएको यकिन गर्न सकिएन। अत: कानूनी व्यवस्था अनुसार नदीजन्य पदार्थको सङ्कलन गर्नुपर्दछ।

## ८१ राजश्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला गरेको पाइएन। पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ, अन्यथा दफा २८(२) मा व्यवस्था भए बमोजिमका कारबाही तर्फ ध्यान दिनुपर्दछ।

## ८२ विज्ञापन कर

पालिकाको आर्थिक ऐन, २०८१ को दफा १२ मा पालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ४ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार यसवर्ष पालिकाले विज्ञापन कर बापत रु.५३२२३०.० प्राप्त गरेको देखिन्छ। विज्ञापन करको दर र दायरामा समयानुकूल परिमार्जन गर्दै आम्दानीको स्रोत विस्तार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## ८३ सरसफाई सेवा शुल्क तथा कवाडी शुल्क

पालिकाको आर्थिक ऐन, २०८१ को दफा १ मा पालिकाले आफ्नो क्षेत्रभित्र अनुसूची १ मा उल्लेख भए अनुसार सरसफाई शुल्क लगाइने र असुल उपर गरिने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार यसवर्षको सरसफाई सेवा शुल्क सम्बन्धी व्यहोरा देहाय बमोजिम रहेको छः

क. शुल्क तिर्ने घरधुरीः २१४१

ख. सरसफाई शुल्क बापत प्राप्त रकमः रु. १६१५५९०.०

ग. फोहोरबाट वर्गीकृत कवाडी बिक्रीबाट प्राप्त आम्दानीः रु. ५९२६१२.०

घ. शुल्क सङ्कलन बापत टोलसुधार समितलाई फिर्ता गरिएकोः रु. ३८३१७३.०

सरसफाई सेवा व्यवस्थापनमा लागत वर्षेनी बढ्दै जाने भएता पनि पालिकाले आर्थिक वर्ष ०७८।७९ देखि हालसम्म सरसफाई शुल्कको दर परिवर्तन नगरी यथावत् राखेको देखिन्छ। सरसफाई सेवा व्यवस्थापनमा पालिकालाई आर्थिक भार बढिरहेको सन्दर्भमा समयानुकूल

हुने सेवा शुल्कमा परिमार्जन गरी पालिकालाई भार कम पर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

८४ **भालु पहाड प्रवेश शुल्क**

पालिकाको आर्थिक ऐन, २०८१ को दफा ९ मा पालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची २ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिने व्यवस्था छ। अनुसूची २ को सि.न. ४६ मा भालु पहाड घुम्ती पार्क प्रवेश शुल्क बारेमा व्यवस्था छ। यसवर्ष पालिकाले भालु पहाड घुम्ती पार्क प्रवेश गर्ने पर्यटकहरुबाट रु.३६७०००.० आम्दानी प्राप्त गरेको छ। उक्त पार्कमा पर्यटकहरुलाई थप आकर्षित गर्ने पूर्वाधारहरु विस्तार गरी थप आम्दानी प्राप्त गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

८५ **सामाजिक सुरक्षा तर्फ :**

८५.१ **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि आ.व. २०८१।०८२ मा नेपाल सरकारबाट रु.२९३२५५४०० प्राप्त भएकोमा नगर कार्यपालिकाको केन्द्रीय हिसाबबाट १४ वटै वडाका २९४१८ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.२९१८११२३४.९४ खर्च भई बाँकी रु.१४४४१६५.०६ भएको आर्थिक विवरण पेश भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन:

क.सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक र्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। छनौटगत रुपमा वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सूचीबाट लगतकट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखिन्छ। लाभग्राहीको नाममा मृत्युदर्ता पछि मात्र लगतकट्टा गर्दा सामाजिक सुरक्षा भत्ता बैँक मार्फत बढी जाने देखिन्छ। यसमा सुधार गरी कार्यक्रम कार्यान्वियन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। यसरी व्यक्तिगत घटनादर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुनसक्ने अवस्था यकिन गरी पालिकाले समयमै पहिचान गरी लगतकट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नुपर्दछ।

ख.पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासिक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी यकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्यतथ्य बुझी लगतकट्टा गर्नुपर्नेमा गरेको पाईएन। साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुनसक्ने अवस्था यकिन गरी पालिकाले समयमै छानविन गरी लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ८५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८५.२ **सार्वजनिक सुनुवाई :** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आँफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। अत: सार्वजनिक सुनुवाई गरी लाभग्राही सूची अनुसार भत्ता वितरण गर्नेतर्फ पालिकाको ध्यान केन्द्रित हुनुपर्दछ।

८५.३ **निरीक्षण तथा अनुगमन :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण समिति गठन गरिएको पाइएन। कार्यविधिमा उल्लिखित व्यहोराको पूर्णरुपमा पालना गर्नुपर्दछ।

८५.४ **पारदर्शिता कायम :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचारमाध्यमहरुबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ। स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ। भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेबसाइटमा राखेर सामाजिक सुरक्षा भत्ता वितरणमा पारदर्शिता कायम गरेको देखिएन। अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पुतलीबजार नगरपालिका, स्याङ्जा , पुतलीबजार नगरपालिका , स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चिरञ्जीवी पौडेल | २०८०-१२-१९ | २०८१-६-१६ |
| कार्यालय प्रमुख | धर्मराज ढुंगाना | २०८१-६-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मी कोइराला | २०८१-०४-०१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५१,६४५ | ३,६८५,११४ | २,८३९,११० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,५७५,८६९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २४३,६४५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,३३२,२२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १०१२००५६७.८४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ९९०४४९४६३ | चालु खर्च | ५१७०२०५८१.८७ |
| प्रदेश सरकारबाट अनुदान | २८०५३००० | पूँजीगत खर्च | ५९४३९८५१८.१८ |
| राजश्व बाँडफाँट | १४६४४६४२६.६६ | वित्तीय/अन्य व्यवस्था | ४१८५०८०१३.८२ |
| आन्तरिक आय | ५७५४३२५४.२१ | | |
| अन्य आय | ३५३४३५७१२.५६ | | |
| कुल आय | १५७५९२७८५६.४३ | कुल खर्च | १५२९९२७११३.८७ |
| बाँकी मौज्दात | | १४७२०१३१०.४ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १४,८३,९९,५०६.४२ | ० | १४,८३,९९,५०६.४२ | ११,४४,१०,४१०.९६ | ० | ११,४४,१०,४१०.९६ |
| १३००० | अनुदान | | ९२,८७,०६,३१९.९४ | ० | ९२,८७,०६,३१९.९४ | ६२,९३,२७,६४५.६८ | ० | ६२,९३,२७,६४५.६८ |
| १४००० | अन्य राजस्व | | ५,२९,१७,२५७.४५ | ० | ५,२९,१७,२५७.४५ | ६,१५,८४,२७८.८० | ० | ६,१५,८४,२७८.८० |
| १५००० | विविध प्राप्ति | | २६,७२,९१७.०० | ० | २६,७२,९१७.०० | ३,८०,६३५.०० | ० | ३,८०,६३५.०० |
| क | कुल जम्मा प्राप्ति | | १,१३,२६,९६,०००.८१ | | १,१३,२६,९६,०००.८१ | ८०,५७,०२,९७०.४४ | | ८०,५७,०२,९७०.४४ |
| ३ | चालु | | ५१,७०,२०,५८१.८७ | ० | ५१,७०,२०,५८१.८७ | ५०,०४,५३,३६०.८९ | ० | ५०,०४,५३,३६०.८९ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,७९,०२,१९४.१९ | ० | १२,७९,०२,१९४.१९ | ३९,७६,८४,४०५.०४ | ० | ३९,७६,८४,४०५.०४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,३५,८८,८१७.६८ | ० | ६,३५,८८,८१७.६८ | ४,६६,३६,५८१.६५ | ० | ४,६६,३६,५८१.६५ |
| २५००० | सहायता (Subsidy) | | ३७,९९,३५०.०० | ० | ३७,९९,३५०.०० | ५३,२६,२९६.०० | ० | ५३,२६,२९६.०० |
| २६००० | अनुदान | | ३०,७३,५५,९३३.०० | ० | ३०,७३,५५,९३३.०० | ४,६९,३४,४२२.२० | ० | ४,६९,३४,४२२.२० |
| २७००० | सामाजिक सुरक्षा | | १,१३,६७,१६५.०० | ० | १,१३,६७,१६५.०० | २५,२९,३२४.०० | ० | २५,२९,३२४.०० |
| २८००० | अन्य खर्च | | ३०,०७,१२२.०० | ० | ३०,०७,१२२.०० | १३,४२,३३२.०० | ० | १३,४२,३३२.०० |
| ४ | पूंजीगत | | ५९,४३,९८,५१८.१८ | ० | ५९,४३,९८,५१८.१८ | ३४,६२,२१,२१६.९९ | ० | ३४,६२,२१,२१६.९९ |
| ३१११० | भवन तथा संरचना | | १,३०,७४,०२७.०० | ० | १,३०,७४,०२७.०० | १०,८७,७००.०० | ० | १०,८७,७००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,३६,२६,७६४.०० | ० | १,३६,२६,७६४.०० | २३,१९,१२५.०० | ० | २३,१९,१२५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ६२,३४,०८७.०० | ० | ६२,३४,०८७.०० | ८,६२,९९,४१५.०० | ० | ८,६२,९९,४१५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ५६,०४,८६,०१४.१८ | ० | ५६,०४,८६,०१४.१८ | २३,४२,८७,०७९.०६ | ० | २३,४२,८७,०७९.०६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ९,७७,६२६.०० | ० | ९,७७,६२६.०० | १,४८,४५,१७५.४३ | ० | १,४८,४५,१७५.४३ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ७३,८२,७२२.५० | ० | ७३,८२,७२२.५० |
| ख) | कुल जम्मा भुक्तानी | | १,११,१४,१९,१००.०५ | | १,११,१४,१९,१००.०५ | ८४,६६,७४,५७७.८८ | | ८४,६६,७४,५७७.८८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग) | बचत /कमी (ग = क-ख ) | | २,१२,७६,९००.७६ | | २,१२,७६,९००.७६ | (४,०९,७१,६०७.४४) | | (४,०९,७१,६०७.४४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | २,४७,२३,८४१.८० | | २,४७,२३,८४१.८० | ६५,७८,९१६.३८ | | ६५,७८,९१६.३८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ४,६०,००,७४२.५६ | | ४,६०,००,७४२.५६ | (३,४३,९२,६९१.०६) | | (३,४३,९२,६९१.०६) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १०,१२,००,५६७.८४ | | १०,१२,००,५६७.८४ | १३,५५,९३,२५८.९० | | १३,५५,९३,२५८.९० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १४,७२,०१,३१०.४० | | १४,७२,०१,३१०.४० | १०,१२,००,५६७.८४ | | १०,१२,००,५६७.८४ |

## बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| भौ न | मिति | रसिद नं | जम्मा महशुल | जरिवाना रकम |
|---|---|---|---|---|
| ६७२ | ०८२।२।१ | २५४९८ | ७८७२ | १९६८ |
| ६७२ | ०८२।२।१ | ०१३१७ | २६६३ | ६६५ |
| ६७२ | ०८२।२।१ | २१०६४ | १७३७ | ४३४ |
| ६७२ | ०८२।२।१ | ११७३१ | १२९० | ३२२ |
| १२२ | ०८१।७।२७ | ३०१३४ | ४९५७ | ८०० |
| १२२ | ०८१।७।२७ | ३०१३० | १०६४१३ | १४८१८ |
| १२२ | ०८१।७।२७ | ३०१३१ | १२५९० | १४४७ |
| १२२ | ०८१।७।२७ | ३०१३२ | १७३०६ | २६९१ |
| ५७३ | ०८१।१२।२८ | १८९४६ | १७७३ | ४४३ |
| ६७२ | ०८२।२।१ | २५४९८ | ७८७२ | १९६८ |
| ६७२ | ०८२।२।१ | ११७३१ | १२९० | ३२२ |
| ६७२ | ०८२।२।१ | २१०६४ | १७३७ | ४३४ |
| ६७२ | ०८२।२।१ | ०१३१७ | २६६४ | ६६५ |
| | | | जम्मा | २६९७७ |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | विद्यार्थीको संख्या कक्षा १-१२ सम्म | प्रतिशिक्षक विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | श्रीत्रिभुवन आदर्श मा.वि. | २७ | १०७५ | ३९.८१ |
| २ | श्रीकाजिमान हरिटिका मा.वि. | १६ | १८६ | ११.६३ |
| ३ | श्रीसरस्वती मा.वि. | १६ | १२४ | ७.७५ |
| ४ | श्रीरामकोष फुलवारी मा.वि. | १३ | ६९ | ५.३१ |
| ५ | श्रीसरस्वती मा.वि. | १५ | ९५ | ६.३३ |
| ६ | श्रीशितला मा.वि. | १५ | १२४ | ८.२७ |
| ७ | श्रीहिमालय मा.वि. | १५ | १४५ | ९.६७ |
| ८ | श्रीशारदा मा.वि. | १२ | ७८ | ६.५० |
| ९ | श्रीजनता मा.वि. | १५ | १२० | ८.०० |
| १० | श्रीनु बहाकोट मा.वि. | १२ | ६१ | ५.०८ |
| ११ | श्रीकोल्मा बराहचौर मा.वि. | १६ | १२२ | ७.६३ |
| १२ | श्रीभारती मा.वि. | १३ | ४१ | ३.१५ |
| १३ | श्रीमनकामना मा.वि. | १६ | ११० | ६.८८ |
| १४ | श्रीमातृभुमी मा.वि. | १७ | २०२ | ११.८८ |
| १५ | श्रीकालिका मा.वि. | २३ | ५३६ | २३.३० |
| १६ | श्रीरजस्थल मा.वि. | १६ | १०८ | ६.७५ |
| १७ | श्रीश्रवण मा.वि. | १३ | ९४ | ७.२३ |
| १८ | श्रीपुण्यशिला आ.वि. | ८ | ५० | ६.२५ |
| १९ | श्रीबालहित आ.वि. | ८ | ५९ | ७.३८ |
| २० | श्रीशिशुकल्याण जनप्रिय आ.वि. | ६ | ३० | ५.०० |
| २१ | श्रीचक्रकमला आ.वि. | ११ | १२३ | ११.१८ |
| २२ | श्रीरानीथुम्का आ.वि. | ९ | ७४ | ८.२२ |
| २३ | श्रीपाणीनी गुरुकुल आश्रम | ३ | २१ | ७.०० |
| २४ | श्रीबराहगुठी आ.वि. | १ | ९ | ९.०० |
| २५ | श्रीज्योती आ.वि. | २ | २१ | १०.५० |
| २६ | श्रीचण्डीकालिका व. आ.वि. | २ | २५ | १२.५० |
| २७ | श्रीयुगज्योती आ.वि. | ३ | १५ | ५.०० |
| २८ | श्रीदुर्गा भगवती आ.वि. | ३ | १६ | ५.३३ |
| २९ | श्रीजनता आ.वि. | २ | ९ | ४.५० |
| ३० | श्रीजनजागृती आ.वि. | ३ | १२ | ४.०० |
| ३१ | श्रीविश्वशान्ती आ.वि. | २ | ११ | ५.५० |
| ३२ | श्रीमहेन्द्र देववाणी आ.वि. | ३ | २० | ६.६७ |
| ३३ | श्रीशितला आ.वि. | १ | ७ | ७.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | श्रीजनता आ.बि. | २ | १५ | ७.५० |
| ३५ | श्रीमहेन्द्र आ.वि. | ५ | ४८ | ९.६० |
| ३६ | श्रीदियालो आ.वि. | ५ | ४१ | ८.२० |
| ३७ | श्रीकालिका आ.बि. | २ | २२ | ११.०० |
| ३८ | श्रीज्ञानज्योती आ.वि. | २ | ९ | ४.५० |
| ३९ | श्रीवालमन्दीर आ.वि. | ३ | ४८ | १६.०० |
| ४० | श्रीपिङहाल्नेडाँडा आ.वि. | २ | १४ | ७.०० |
| ४१ | श्रीशिव आ.वि. | २ | १३ | ६.५० |
| ४२ | श्रीविद्याज्योती आ.वि. | २ | १३ | ६.५० |
| ४३ | श्री अन्नपूर्ण आ.वि. | १ | ९ | ९.०० |
| ४४ | श्री विद्योदय आ.वि. | २ | १६ | ८.०० |
| ४५ | श्री अमरशहिद आ.वि. | १ | ५ | ५.०० |
| ४६ | श्री जनता आ.वि. | १ | ७ | ७.०० |
| ४७ | श्री जनप्रिय आ.वि. | २ | १४ | ७.०० |
| | **जम्मा** | ३६९ | ४०६६ | ११.०२ |

## बेरूजु दफा ४६.१ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| सि.नं. | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १ | श्री सरस्वती मा वि | २०००० |
| २ | श्री हिमालय मा वि | २०००० |
| ३ | श्री शारदा मा वि | २०००० |
| ४ | श्री नु बहाकोट मा वि | २०००० |
| ५ | श्री कोल्मा बहारचौर मा वि | २०००० |
| ६ | श्री भारती मा वि | २०००० |
| ७ | श्री मनकामना मा वि | २०००० |
| ८ | श्री कालिमा मा वि | २०००० |
| ९ | श्री रजस्थल मा वि | २०००० |
| १० | श्री पुण्यशिला आ वि | १५००० |
| ११ | श्री शिशुकल्याण जनप्रिय आ वि | १५००० |
| १२ | श्री बराहगुठी आ वि | १५००० |
| १३ | श्री जनता आ वि | १५००० |
| १४ | श्री जनजागृती आ वि | १५००० |
| १५ | श्री महेन्द्र आ वि | १५००० |
| १६ | श्री दियालो आ वि | १५००० |
| १७ | श्री कालिका आ वि | १५००० |
| १८ | श्री ज्ञानज्योती आ वि | १५००० |
| १९ | श्री वालमन्दिर आ वि | १५००० |
| २० | श्री शिव आ वि | १५००० |
| २१ | श्री अन्नपूर्ण आ वि | १५००० |
| २२ | श्री अमरशहिद आ वि | १५००० |
| | **जम्मा** | **३७५०००** |

## बेरूजु दफा ४६.२ सँग सम्बन्धित विवरण - अनुसूची -७

| सि.नं. | विद्यालयको नाम र ठेगाना | रकम |
|---|---|---|
| १ | श्री त्रिभुबन आदर्श मा.बि. | १५००० |
| २ | श्री काजिमान हरिटिका मा.वि. | १५००० |
| ३ | श्री सरस्वती मा.बि. | १५००० |
| ४ | श्री रामकोष फुलवारी मा.वि. | १५००० |
| ५ | श्री सरस्वती मा.बि. | १५००० |
| ६ | श्री शितला मा.वि. | १५००० |
| ७ | श्री हिमालय मा.वि. | १५००० |
| ८ | श्री शारदा मा.वि. | १५००० |
| ९ | श्री जनता मा.वि. | १५००० |
| १० | श्री नु बहाकोट मा.वि. | १५००० |
| ११ | श्री कोल्मा बराहचौर मा.वि. | १५००० |
| १२ | श्री भारती मा.बि. | १५००० |
| १३ | श्री मनकामना मा.वि. | १५००० |
| १४ | श्री मातृभुमी मा.बि. | १५००० |
| १५ | श्री कालिका मा.वि. | १५००० |
| १६ | श्री रजस्थल मा.वि. | १५००० |
| १७ | श्री श्रवण मा.वि. | १५००० |
| १८ | श्री पुण्यशिला आ.वि. | १०००० |
| १९ | श्री बालहित आ.वि. | १०००० |
| २० | श्री शिशुकल्याण जनप्रिय आ.वि. | १०००० |
| २१ | श्री चक्रकमला आ.वि. | १०००० |
| २२ | श्री रानीथुम्का आ.वि. | १०००० |
| २३ | श्री पाणीनी गुरुकुल आश्रम | १०००० |
| २४ | श्री बराहगुठी आ.वि. | १०००० |
| २५ | श्री ज्योती आ.बि. | १०००० |
| | | |

| | | |
|---|---|---|
| २६ | श्री चण्डीकालिका व. आ.वि. | १०००० |
| २७ | श्री युगज्योती आ.बि. | १०००० |
| २८ | श्री दुर्गा भगवती आ.वि. | १०००० |
| २९ | श्री जनता आ.वि. | १०००० |
| ३० | श्री जनजागृती आ.वि. | १०००० |
| ३१ | श्री विश्वशान्ती आ.वि. | १०००० |
| ३२ | श्री महेन्द्र देववाणी आ.वि. | १०००० |
| ३३ | श्री शितला आ.वि. | १०००० |
| ३४ | श्री जनता आ.बि. | १०००० |
| ३५ | श्री महेन्द्र आ.वि. | १०००० |
| ३६ | श्री दियालो आ.वि. | १०००० |
| ३७ | श्री कालिका आ.बि. | १०००० |
| ३८ | श्री ज्ञानज्योती आ.वि. | १०००० |
| ३९ | श्री वालमन्दीर आ.वि. | १०००० |
| ४० | श्री पिङ्हाल्नेडाँडा आ.वि. | १०००० |
| ४१ | श्री शिव आ.वि. | १०००० |
| ४२ | श्री बिद्याज्योती आ.वि. | १०००० |
| ४३ | श्री अन्नपूर्ण आ.वि. | १०००० |
| ४४ | श्री विद्योदय आ.वि. | १०००० |
| ४५ | श्री अमरशहिद आ.वि. | १०००० |
| ४६ | श्री जनता आ.वि. | १०००० |
| ४७ | श्री जनप्रिय आ.वि. | १०००० |
| | **जम्मा** | **५५५०००** |

## बेरूजु दफा ४६.३ सँग सम्बन्धित विवरण - अनुसूची -८

| सि.नं. | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १ | श्री भारती मा वि | २०००० |
| २ | श्री मनकामना मा वि | २०००० |
| ३ | श्री कालिका मा वि | २०००० |
| ४ | श्री रजस्थल मा वि | २०००० |
| ५ | श्री श्रवण मा वि | २०००० |
| ६ | श्री ज्योती आ वि | १२००० |
| ७ | श्री ज्ञानज्योती आ वि | १२००० |
| ८ | श्री विद्याज्योती आ वि | १२००० |
| | **जम्मा** | **१३६०००** |

## बेरूजु दफा ४८.२ सँग सम्बन्धित विवरण - अनुसूची -९

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री रामकोष फुलबारी मा वि | २८५०० |
| २ | श्री काजिमान हरिटीका मा वि | ५९२८० |
| ३ | श्री कोल्मा वराहचौर मा वि | ४६७४० |
| ४ | श्री चक्रकमला आ वि | २७३६० |
| ५ | चण्डीकालिका बहिरा आ वि | ९१२० |
| ६ | श्री जनता मा वि, ठुलाडिही | ५२४४० |
| ७ | श्री त्रिभुवन आदर्श मा वि | ४८६७८० |
| ८ | श्री बालहित आ वि | १४८२० |
| ९ | श्री मातृभूमी मा वि | ८८९२० |
| १० | श्री रजस्थल मा वि | ५१३०० |
| ११ | श्री रानीथुम्का आ वि | ११४०० |
| १२ | श्री श्रवण मा वि | ३५३४० |
| १३ | श्री कालिका मा वि | २२८००० |
| १४ | श्री नु बहाकोट मा वि | ३३०६० |
| १५ | श्री पुण्यशीला आ वि | ९१२० |
| १६ | श्री भारती मा वि | ११४०० |
| १७ | श्री मनकामना मा वि | ३५३४० |
| १८ | श्री शितला मा वि | ५३५८० |
| १९ | श्री हिमालय मा वि | ६८४०० |
| २० | श्री शारदा मा वि | २३९४० |
| २१ | श्री शिशुकल्याण जनप्रिय आ वि | ३४२० |
| २३ | श्री सरस्वती मा वि (नागडाँडा) | ४३३२० |
| | **जम्मा** | **१४२१५८०** |

## बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची - १०

| ठेक्का अभिलेख खाता नं | खरिद सम्झौता नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | सम्झौता र भुक्तानी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|
| | | | | लागत अनुमान रकम | सम्झौता रकम | हाल सम्म भुक्तानी रकम |
| १ | PBM/WORKS/NCB-09/076/077 | नयाँबजार-ठुलाडिही सडक स्तरोन्नती कार्य | Baniya Nirman Sewa Pvt.Ltd, Hetauda, Makwanpur | ७८०१४६६५ | ५९२९८३८१ | |
| २ | PBM/WORKS/NCB-07/076/077 | मालेबगर कवर्ड हल | Nayabato/GS Engineering JV, Pokhara, Kaski | ३६६८५८९७ | २८८०२७१० | ४९५२८४५ |
| ३ | CONTRACT ID :- 04/PM/NCB/WORKS/079/080 | Putalikhet Satung Aruchaur ( Baidi Amdanda Section ) | Gajindra Nirman Sewa pvt.ltd, putalibazar-01,syangja | १२३३३४९७८ | ९८०७०७८३ | ११४८०४७१ |
| ४ | CONTRACT ID :- 05/PM/NCB/WORKS/079/080 | Taapu Sichai Yojana | P.S-Bikendra-Brihaspati JV Jajarkot,Khalanga | १९५०३७६४ | १४९७२९१७ | १३७४७२९४ |
| ५ | CONTRACT ID :- 02/PM/NCB/WORKS/080/81 | Nayabazar Gaudebazar Hatiya Sadak Starunnati | Rangkhola Siddhababa Nirman Sewa | ९९९३७६३ | ८२४१२७७ | |
| ६ | CONTRACT ID :- 03/PM/NCB/WORKS/080/81 | Masarka Mohariya Hudai Dulegauda Sadak Pu.ba .na pa ,07 | Panchase Construction,putalibazar-01,syangja | ४९९०४०८ | ३४९४०३६ | |
| ७ | CONTRACT ID :- NP-DUDBC-396312-CW-RFB | Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road,(Ch:0+000km-7+600km Section) | Lama Construction Company Pvt.Ltd. | ४३१४८९३३६ | ४००८८५३७६ | |
| ८ | CONTRACT ID :- 04/PM/NCB/WORKS/080/81 | Upgrading of Ramkosh-Swara-NayaKhoriya Road,Putalibazar Municipality-4 | MKC Construction,Pokhara 07,kaski | ४४९९४१९ | ३१३३२७९ | |
| नया ०८१/ ०८२ को ठेक्काहरु | | | | | | |
| १ | 01/PM/SQ/GOODS/081/82 | मसलन्द सामाग्री खरिद | | | | |
| २ | 01/PM/NCB/WORKS/081/082 | Jadkhola Pelkachour sadak ,Putalibazar Municipality 12. | armadi construction | | ० | ० |
| ३ | 03/PM/NCB/WORKS/081/082 | बोधीखोला काउले हुँदै पर्वत जोड्ने सडक | Sitaladevi Nirman Sewa | ७०००००० | ० | ० |
| ४ | 02/PM/NCB/WORKS/081/082 | Badkhola Nayabazar Tanahun sadak ko Champapaani Khanda ko Sadak Sudhar. | 0 | १२०००००० | ० | ० |
| ५ | 02/PM/NCB/GOODS/081/82 | मिनि टिलर खरिद | | | | |
| १२ | 04/PM/NCB/GOODS/081/82 | Procurement of Medicines and Medical Accessories for Putalibazar Municipality | | | | |
| १३ | 06/PM/NCB/GOODS/081/82 | Procurement of Mini Tiller, Petrol Engine, not less than 7 Hp as per approved technical specification | | | | |
| १४ | 07/PM/NCB/GOODS/081/82 | Procurement of Tractor for waste management as per approved technical specification | | | | |
| १५ | 09/PM/NCB/WORKS/081/82 | Construction of Taapu Irrigation Project (second phase) | Sauraj Saugat Nirman Sewa | ६०००००० | | |
| १६ | 05/PM/NCB/WORKS/081/82 | Fohor maila kendra jane pahuch marga nirman | Gaurav Builders | | ० | ५ |
| १७ | 08/PM/NCB/WORKS/081/82 | Ward No 1,3,14 bhitraka sadakharuko patching tatha marmat karya | Dev Ashish Nirman Sewa | | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | 04/PM/NCB/WORKS/081/082 | Construction of Kutunge Sundar Taal Periphery, Putalibazar Municipality-5, Pauwegaude | Lamage Builders Pra Li | | ० | ० |
| १९ | 06/PM/NCB/WORKS/081/082 | Badhsthal Nirman Sudhar | Lamage Builders pvt ltd | | ० | ० |
| २० | 07/PM/NCB/WORKS/081/082 | Puratatwik Pauwegaude Pauwa Nirman | purna nirman sewa | | ० | ० |
| २१ | 05/PM/SQ/GOODS/081/82 | Sadak Batti samagri kharid | | | | |
| २२ | 06/PM/NCB/GOODS/081/82 | Procurement of Mini Tiller, Petrol Engine, not less than 7 Hp as per approved technical specification | | | | |
| २३ | 10/PM/SQ/WORKS/081/82 | Pashupanchi Badsthal Nirman Sudhaar Karyakram | Lamage Builders pvt ltd | | ० | ० |

## बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -११

| क्र स | योजना/कामको बिबरण | लागत अनुमान | प्राप्त प्रस्ताव संख्या | निर्माण व्यवसायी/आपुर्तिकर्ता/सेवा प्रदायक | | | | सम्पन्न काम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सम्झौता मिति | सम्झौता रकम | घटी प्रतिशत | रकम |
| | **बस्तु खरिदमा भएको कार्यको बिबरण** | | | | | | | |
| १ | ५० प्रतिशत अनुदानमा धानको विउ खरिद | ६७९६७५ | ३ | मुक्तिनाथ सिड बैंक लि | | ५७९६७५ | | ५७९६७५ |
| २ | ५० प्रतिशत अनुदानमा च्याउको विउ खरिद | १६३६९० | ४ | टिम स्पोन्जर एग्रोभेट सेन्टर | 2081/10/07 | ११६७०० | २८ | ११६७०० |
| | जम्मा | ८४३३६५ | | | | ६९६३७५ | | ६९६३७५ |
| **निर्माण कार्यको खरिदमा भएको बिबरण** | | | | | | | | |
| १ | वार्ड कार्यालय घेराबार निर्माण (वार्ड ११ ) | ४००००० | ३ | | | ३९४६४५.०० | | ३८११५७.१५ |
| २ | वार्ड कार्यालय व्यवस्थापन (वार्ड १२ ) | १००००० | १ | | | ९९६९३.९६ | | ९७१९५.१५ |
| ३ | कर्मचारी quarter को toilet मर्मत | १३८७९२.२ | ३ | | | १३७४५६.०३ | | १३७०५२.४७ |
| ४ | ७ नं वार्ड कार्यालय ट्रस निर्माण | ४९९२७५.८ | ३ | | | ४९१३६९.७५ | | ४५१३२९.३१ |
| ५ | नगर विकास समितिको भवन अगाडिको नाला र बाटो निर्माण | ९९२९२६.०० | ३ | | | ९८१८२४.२३ | | ९६१३३५.२९ |
| ६ | अरौदी खोला कल्भर्ट निर्माण (Causeway निर्माण ) | ७९९३६८.९७ | ३ | | | ७८९०५०.३१ | | ७७२७८९.६५ |
| ७ | सिटिहल भवन मर्मत कार्य | ४३९४३७.३५ | ३ | | | ४३२८६३.३५ | | ४२५३०४.१४ |
| | **जम्मा** | **३३६९८००.३२** | | | | **२२०३७३७.८९** | | **२१५९४२९.०८** |

## बेरूजु दफा ८५.१ सँग सम्बन्धित विवरण - अनुसूची -१२

| क्र.स. | लाभग्राहीको विवरण | मासिक दर | प्रथम | | दोस्रो | | तेस्रो | | चौथो | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम |
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ४००० | ४५१२ | ५३६९८७३९ | ४५८१ | ५४३३०२२५ | ४६२४ | ५४८४७३६६ | ४६३८ | ५५२९४९९५ | १८३५५ | २१८१७१३२५ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २६६० | ४६७ | ३६७२५५९ | ४६६ | ३६५३२४४ | ४६८ | ३७०१००४ | ४७२ | ३७२९३२९ | १८७३ | १४७५६१३६ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६६० | ४८० | ३७९५८२० | ४७२ | ३७४२६२० | ४६० | ३६४४२०० | ४५२ | ३६०४३०० | १८६४ | १४७८६९४० |
| ४ | विधवा | २६६० | ८१४ | ६४२३८११ | ८३८ | ६६०८७९० | ८५४ | ६७७७६८० | ८७३ | ६९२३९९० | ३३७९ | २६७३४२७१ |
| ५ | पूर्ण अपाङ्गता | ३९९० | १३९ | १६५२५७५ | १३९ | १६५५९५० | १४३ | १७०३७३० | १४२ | १६९५७५० | ५६३ | ६७०८००५ |
| ६ | अति अशक्त अपाङ्गता | २१२८ | २७७ | १७५५६४० | २८३ | १७९३९०४ | २८८ | १८२३६९६ | २८९ | १८३००८० | ११३७ | ७२०३३२० |
| ७ | दलित बालबालिका | ५३२ | ५५३ | ८५२८२७ | ५६६ | ८६३४२६ | ५६० | ८६९०६९ | ५६८ | ८६५९१४ | २२४७ | ३४५१२३६ |
| | **जम्मा** | | **७२४२** | **७१८५११९७१** | **७३४५** | **७२६४८१५९** | **७३९७** | **७३३६६७४५** | **७४३४** | **७३९४४३५८** | **२९४१८** | **२९१८११२३३** |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।ित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्क रूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।